"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ११ अंक ४५, श्रावण-भाद्र २०८१ www.ncbl.coop 16 July 2024-15 Septmber 2024

# २२औं वर्षमा प्रवेश

# राष्ट्रिय सहकारी बैंक लि.

"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित
सहकारिता SAHAKARITA
द्वैमासिक

वर्ष ११ अंक ४५, श्रावण-भाद्र २०८१ www.ncbl.coop 16 July 2024-14 September 2024

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

सल्लाहकार
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

सुचना, सञ्चार तथा प्रकाशन उप-समिति
संयोजक
राम बहादुर जि.सी.

सदस्यहरु
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया घिताल
सदस्य सचिव
नवीन कुमार कार्की

प्रधान सम्पादक
राम बहादुर जि.सी.

सहयोगी
बलराम के.सी.

ठेगाना
राष्टिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

# सम्पादकिय

## राष्ट्रिय सहकारी बैंक २२ औं वर्षमा प्रवेश

२०६० असार २५ गते सहकारी विभागमा दर्ता भई २०६१ साउन १९ गतेबाट कारोबार शुभारम्भ गरेको राष्ट्रिय सहकारी बैंक लिमिटेड २२ औं वर्षमा प्रवेश गरेको छ। बैंकले प्रत्येक वर्षको साउन १९ लाई स्थापना तथा कारोबार शुभारम्भ दिवसका रुपमा मनाउदै आएको छ ।

२०६७ साउन १० गते नेपाल राष्ट्र बैंकबाट सिमित बैंकिङ कारोबारको अनुमति पाएको बैंकले देशभरका सहकारी संघ संस्थाहरुसँग कारोबार गर्दै आइरहेको छ। ७७ वटै जिल्लामा सदस्यता विस्तार गर्दै १६ हजार ३ सय २८ सहकारी संघ संस्थाहरुमार्फत करीब ३५ लाख व्यक्तिहरु आवद्ध भइसकेको र बाँकी सहकारी संस्थाहरुले पनि सदस्यता लिने क्रम जारी रहेको छ। बैंकले देशभर ६८ वटा शाखाहरु मार्फत सहकारी संघ संस्थाहरुलाई उत्कृष्ट वित्तीय तथा गैर-वित्तीय सेवा प्रदान गरिरहेको छ। बैंकले सदस्य सहकारी संघ/संस्थाहरुलाई वित्तीय सेवाका अतिरिक्त संस्थागत सुशासन एवम् वित्तीय अनुशासनका लागि सहकारी स्तरीकरण, तालिम तथा शिक्षा, डिजिटलाइजेसन, सहकारी अभियानको संरक्षण र सम्वर्द्धनका लागि पहलकदमी जस्ता विविध गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ।

सदस्यहरु बीच लोकप्रिय रहेको सदस्य शिक्षा कार्यक्रम अन्तर्गत इ-पुस्तकालय, समसामयिक विषयमा हरेक हप्ता परामर्श सेवा र सहयोग, जानकारीमुलक कार्यक्रम तथा सदस्य सम्मान कार्यक्रमको आयोजनाका कारणले पनि सदस्यहरुमा हौसला तथा उत्प्रेरणा जगाउने कार्यमा मद्दत पुग्नुको साथै बैंक प्रतिको सम्बन्ध अझ प्रगाढ बन्दै गएको छ। बैंकले आफ्नो कार्य सञ्चालन गर्ने दौरानमा नियामकीय प्रावधानहरुको प्रारुपलाई पालना गर्दै वित्तीय जवाफदेहीता, पारदर्शिता, निष्पक्षता, बचतकर्ताको निक्षेप सुरक्षण तथा सुरक्षित कर्जा लगानी र अन्तरर्निहित जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्दै आएकोले पनि बैंकले सदस्यमैत्री सेवा प्रदान गर्न सक्षम उल्लेख गरेको छ।

बैंकले "उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक" परिकल्पना गरी १० वर्षे रणनीतिक योजना तय गरी बैंक अघि बढिरहेको छ। विद्यमान प्रतिकुल समयमा पनि बैंकले आफ्नो कार्य सञ्चालन गर्ने दौरानमा नियामकीय प्रावधानहरुको प्रारुपलाई पालना गर्दै आएकोले पनि सदस्यमैत्री सेवा प्रदान गर्न सक्षम रहेको उल्लेख गर्दै बैंकले तत्कालको लागि हुने लाभहानी भन्दा पनि दिगो र मर्यादित सेवा उपलब्ध गराउन उद्दत रहेको छ।

# राष्ट्रिय सहकारी बैंकको २२औं स्थापना तथा कारोबार शुभारम्भ दिवस सातै प्रदेशमा मनाइयो



ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडको २२ औं स्थापना तथा कारोबार शुभारम्भ दिवस साउन गते विविध कार्यक्रमका साथ सात वटै प्रदेशमा मनाइएको छ।

स्थापना तथा कारोबार शुभारम्भ दिवसको अवसर पारेर "सहकारीको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक प्रदेश स्तरीय गोष्ठी सात वटै प्रदेशमा सम्पन्न गरिएको हो। गोष्ठीसंगै बैंकको २०८० मंसिर ३० गते सम्पन्न २० औं वार्षिक साधारण सभामा घोषणा भएका राष्ट्रिय, प्रदेश तथा शाखा स्तरका व्यक्ति तथा संघ संस्थाका विभिन्न विधाका पुरस्कार वितरण गरेको बैंकले जनाएको छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको विगत २२ वर्षमा हासिल गरेका महत्वपूर्ण उपलब्धि र भावी दिनमा बैंकबाट सहकार ीले पाउने सेवा सुविधा समेटिएको प्रस्तुतीकरण, बैंकको गत साधारण सभामा घोषणा गरिएको उत्कृष्ट मध्यका (राष्ट्रिय/प्रदेशस्तरीय) २/३ वटा सहकारी संस्थाको परि चयात्मक प्रस्तुतीकरण गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो। स्थापना दिवसको अवसरमा कोशी प्रदेशमा भएको कार्यक्रमको प्रमुख अतिथि मोरङका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराई रहनु भएको थियो। कार्यक्रममा बैंकका निवर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती, सञ्चालक महेन्द्र गिरी, सूचना प्रविधि सञ्चार तथा प्रकाशन उपसमितिका सदस्य डिल्ली प्रसाद पोखरेलको सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

मधेस प्रदेशमा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि मुख्यमन्त्री सतिश कुमार सिंह रहनु भएको भएको थियो। कार्यक्रमको

अध्यक्षता बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन पछि बोल्दै मुख्यमन्त्री सिंहले सहकारी क्षेत्रलाई मर्यादित, व्यावसायिक, समावेशी एवम् सहभागितामूलक बनाएर नियमन, सुशासन र दायित्व बोधका आधारमा अगाडि बढाउन सकिए आर्थिक समानता र सामाजिक न्यायको राष्ट्रिय लक्ष्य हासिल गर्न मद्दत पुग्ने बताउनु भयो ।

बागमति प्रदेशमा आयोजित कार्यक्रमको प्रमुख अतिथि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी रहनु भएको थियो । कार्यक्रमको उद्घाटन पछि बोल्दै बोल्दै मन्त्री भण्डारीले सहकारी क्षेत्रमार्फत समाज रूपान्तरण गर्न सकिने योगदानलाई थप वृद्धि गर्नका लागि सहकारी क्षेत्र र सरकारबीचको निरन्तर सहकार्य र समन्वय आवश्यक रहेको बताउनु भयो ।

सहकारी क्षेत्रको थप सुधारका लागि नीतिगत व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नं पर्नेमा जोड दिनुभयो । नेपालको सहकारी अभियानलाई प्रभावकारी बनाउन निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको राष्ट्रिय सहकारी बैंकलाई पूर्ण बैकिङ कारोबारको अनुमति दिनका लागि सरोकारवाला निकायले ध्यान दिनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा बैंकका सल्लाहकारहरू केशव बडाल, लीलामणि पोखरेल, कमल चौंलागाई, सहकारी विभागका उप रजिष्ट्रार टोलराज उपाध्याय, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष ओमदेवी मल्ल, बैंकका पूर्व सञ्चालक सरिता भट्टराई (तिमिल्सिना) को आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले राष्ट्रिय सहकारी बैंक लिमिटेडको विगत २२ वर्षमा हासिल गरेको महत्वपूर्ण उपलब्धि र भावी दिनमा बैंकबाट सहकारीले पाउने सेवा सुविधा समेटिएको प्रस्तुतीकरण गर्नुभएको थियो ।

स्थापना दिवस तथा कारोबार शुभारम्भ दिवसका अवसरमा आयोजित कार्यक्रमको अध्यक्षता बैंकका सञ्चालक एवम् बागमति प्रदेशका संयोजक रामहरि बजगाईंले, स्वागत मन्तव्य सञ्चालक धुव्रराज विष्टले र सञ्चालन बैंकको सदस्य सेवा महाशाखाका प्रमुख राम बाबु आचार्यले गर्नं भएको थियो ।

त्यसैगरी गण्डकी प्रदेशमा आयोजित कार्यक्रममा प्रमुख अतिथि सहकारी रजिष्टारको कार्यालय गण्डकी प्रदेश पोखराका रजिष्ट्रार भेषराज रिजाल रहनु भएको थियो । कार्यक्रमको अध्यक्षता बैंकका सञ्चालक एवम् गण्डकी प्रदेशका संयोजक राम बहादुर जि.सीले गर्नुभएको थियो । कार्यक्रममा रजिष्टार रिजालले “सहकारीको वर्तमान अवस्था र भावी कार्यदिशा विषयक कार्यपत्र प्रस्तुत गर्नं



भएको थियो । बैंकको प्रस्तुती र समसामयिक विषयमा बैंकका लेखा सुपरीवेक्षण समितिका सदस्य केशव प्रसाद सापकोटाले सहजीकरण गर्नँ भएको थियो । कार्यक्रममा केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमर बहादुर कुँवर, राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी (अञ्जु) लगायतले शुभकामना व्यक्त गर्नँ भएको थियो । बैंकका लेखा सुपरिवेक्षण समितिका सदस्यहरू चन्द्रकुमारी पराजुलीले स्वागत गर्नँ भएको कार्यक्रमको सञ्चालन बैंकका गण्डकी प्रदेश प्रमुख नरेश पाण्डेले गर्नँ भएको थियो ।

लुम्बिनी प्रदेशमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री प्रमुख अतिथि दिनेश पन्थी रहनु भएको कार्यक्रमको अध्यक्षता बैंकका सञ्चालक विजया धितालले गर्नुभएको थियो । कार्यक्रममा घोराही उपमहानगरपालिकाका उपप्रमुख हुमा वि.सी, राष्ट्रिय सहकारी महासंघका सञ्चालक प्रेम सुवेदी लगायतको आतिथ्यता रहेको थियो । कर्णाली प्रदेशमा आयोजित कार्यक्रमको प्रमुख अतिथि कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारमन्त्री विनोदकुमार शाह रहनु भएको थियो । कार्यक्रममा बोल्दै मन्त्री शाहले कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारमन्त्री विनोदकुमार शाहले सहकारी किसानहरूका लागि एक सबल खम्बा रहेको बताउनु भयो ।

बैंकका सञ्चालक काली बहादुर महतराको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हरिहरनाथ योगी लगायतको आतिथ्यता रहेको थियो ।सुदूर पश्चिम प्रदेशको सहकारी विभागका रजिष्ट्रार मोहन चन्द्र जोशी प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बैंकका सञ्चालक शिवा थापाको अध्यक्षता रहेको थियो ।



# सहकारी संघ/संस्था र लघुबिमा



**प्रमोद कुमार घिमिरे**
राष्ट्रिय सहकारी बैंक लि. प्रमुख जोखिम अधिकृत

गरिब, विपन्न, तथा न्यून आय भएका वा न्यून पारिश्रमिकमा काम गर्ने समुदायहरुले महंगो र झन्झटिलो बिमा व्यवसायको उपभोग गर्न नसक्ने साथै सामाजिक सुरक्षाका योजना र कार्यक्रममा पहुँच नहुने वर्गका लागि लघु बिमा अपरिहार्य भैसकेको छ । सामान्यतया न्यून आय, आर्थिक, सामाजिक तथा भौगोलिक कारणबाट जो खिमोन्मुख वर्गका व्यक्ति तथा समुदायहरुलाई लक्षित गरी उनीहरुको जीवन तथा सम्पत्तिको सुरक्षण गर्न गरिने बिमा नै लघुबिमा हो भन्न सकिन्छ ।

त्यसैगरी लघु बिमा भन्नाले सामाजिक सुरक्षाको विधिबाट वञ्चित व्यक्ति, समुदाय, वर्ग र क्षेत्रहरुबाटै श्रोत संकलन गरी उही व्यक्ति, समुदाय, वर्ग र क्षेत्रभित्रै जोखिम वहन गर्ने पद्धतिलाई भनिन्छ । खासगरी ग्रामीण क्षेत्रको बिमा भन्नाले लघुबिमालाई जनाउने गरिन्छ विकासोन्मुख मुलुकहरुमा आर्थिक हिसाबले सक्रिय जनसंख्याको २० प्रतिशतभन्दा पनि कम मानिसहरुलाई सामाजिक सुरक्षा कार्यक्रमले समेट्ने गरेको छ । त्यसैगरी अफ्रिकी मुलुक र नेपाल लगायत दक्षिण एसियाका मुलुकहरुमा कुल रोजगार जनसंख्या मध्ये ५ देखि १० प्रतिशतले मात्र बिमा सेवाको उपयोग गर्न सकेको वा गरेको तथ्याङ्कहरुले देखाएको छ । उल्लेखित प्रतिशतको तथ्याङ्क पनि शहरकेन्द्रीत बिमा सेवा उपभोग गर्ने व्यक्ति, संघ, संस्था र समुदायहरुको मात्र हो । यस अर्थमा पनि ग्रामीण भेग र परिवेशका गरिव, न्यून आय भएका विपन्न वर्ग र समुदायहरुको लागि लघु बिमाको व्यापकता जरुरी भएको छ ।

नेपालमा सञ्चालित सहकारी संघ/संस्थामा लघु बिमाको आवश्यकताको सन्दर्भमा हालसम्मपनि अधिकांश सहकारी संघ संस्थाहरु र बिमा कम्पनीहरुले ध्यान पुर्‍याएको पाइँदैन । सहकारी संघ/संस्थाहरुमा आवद्ध ऋणीहरु, सदस्यहरु र समुदायहरुको लघु जीवन बिमा अर्न्तगत म्यादी, सावधिक र आजीवन लघुबिमाको अतिरिक्त निर्जीवन बिमा अर्न्तगत समय सापेक्ष गार्हस्थ, स्वास्थ्य, दुर्घटना, पशुपंछी र बाली-नाली बिमा गर्ने तर्फ एक-आपसमा समन्वय एवम् सहकार्य गरी न्यून आय भएका व्यक्ति, क्षेत्र, समुह र समुदायहरुलाई उच्चतम् सुरक्षा प्रणाली अर्न्तगत आवश्यक बिमा गराउनु पर्ने अपरिहार्य भैसकेको छ । यो आजको आवश्यकता पनि हो । यसले गरीबी निवारणमा समेत केही हदसम्म सहयोग पुर्‍याउने छ । उल्लेखित बिमा वाहेक बिमा व्यवसाय कम्पनीहरुले न्यून आय भएका वर्ग, विपन्न वर्ग अथवा भनौं पिछडिएको क्षेत्रलाई लक्षित गरी अन्य कुनैपनि लघुबिमाको जोखिम धारण हुनेगरी लघुबिमा योजना लागु गर्नपर्ने आवश्यक भैसकेको छ । बिमा व्यवसाय गर्ने कम्पनीहरुले पनि विगतदेखि बर्तमानसम्म लघुबिमा व्यवसाय गर्न त्यति चासो देखाएको पाईन्न फलस्वरुप हाल देशको ग्रामीण भेगमा सञ्चालित सहकारी र बैंक तथा बित्तीय संस्थाले तुलनात्मक रुपमा सञ्चालन गरिरहेता पनि ऋणी सदस्यहरुको आर्थिक, समाजिक र पारिवारिक सुरक्षाको सन्दर्भमा अझ प्रभावकारी रुपमा सञ्चालन गर्न कठिनाई भैरहेको देखिन्छ ।

लघुबिमा सम्बन्धमा छिमेकी मुलुक भारतमा सन् २००५ मा लघुबिमा नियमावली जारी गरेको थियो । यस बिषयमा छुट्टै कानुन वनाउने भारत नै विश्वको पहिलो देश हो । अहिले ब्राजिल, फिलिपिन्स र पेरुले समेत लघुबिमाको लागि छुट्टै नियमावलीको निर्माण गरेका

छन् । भारत सरकारले सन् २००१ देखि व्यावसायिक बिमा कम्पनीहरुलाई आफ्नो कारोवारको निश्चित हिस्सा ग्रामीण क्षेत्रको लघुबिमामा लगाउनै पर्ने प्रावधान राखेपछि कम्पनीहरुले समेत गरिव समुदायहरुमा कार्यक्रम लानैपर्ने वाध्यता सिर्जना भएको छ। भारतमा लघुबिमा कार्यक्रममा The TATA–AIG Insurance Company ज्यादै सफल देखिएको छ। शुरुमा यसले लघुवित्त संस्थाहरुलाई मात्र उपयोग गर्ने गरेकोमा पछि स्थानिय गैर सरकारी संस्थाहरु र सहकारी संघ संस्थामार्फत बिमा व्यवसाय विस्तार गरेको छ। सन् २००३ मा यसले आफ्नो कार्यक्रम विस्तार गर्न २५० वटा संस्थाहरु र २५०० प्रतिनिधिहरु नियुक्त गरेको र कुल कारोवारमा २३ प्रतिशत हिस्सा लघुबिमाको पुगेकोमा हालको बिवरण अनुसार उल्लेखित तथ्याङ्कको दोब्बर भैसकेको छ। यसरी नाफाको उद्देश्य राखि सञ्चालित ब्यापारिक बिमा कम्पनीहरुको लागि समेत लघुबिमा व्यवसायको संभावित क्षेत्र ब्यापक बन्दै गएको छ । त्यसैगरी नेपालमा बिमा ब्यवसायको नियमनकारी निकाय बिमा समितिले पनि “लघुबिमा निर्देशिका” जारी गरिसकेको परिप्रेक्षमा लघुबिमा ब्यवसायको संभावना अन्य क्षेत्रमा जस्तै सफल हुने विश्वास गर्न सकिन्छ ।

विगतमा लघुबिमा गर्ने र गराउनेतर्फ बिमा समिति, बिमा कम्पनीहरु, सहकारी संघ संस्थाहरु लगायत सम्वद्ध निकायहरुले त्यति चासो नदिएको कारण लक्षित वर्गको सामाजिक, शारिरिक, पारिवारिक लगायत गार्हस्थतर्फ धेरै क्षति भैरहेको थियो। क्षतिको बहन गर्न कुनै पनि निकायहरु अग्रसर थिएनन् । त्यसैगरी कतिपय सहकारी संस्थाहरुले पनि त्यसतर्फ ध्यान नदिएको भन्ने गुनासो वारम्वार सुन्ने गरिन्छ। बिमा कम्पनीहरुले लघुबिमा ब्यवसाय सञ्चालन र ब्यवस्थापन गर्ने सम्बन्धमा ब्यवस्था गर्न वाञ्छनीय भएको महसुस गरी बिमा समितिले बिमा ऐनको अधिकार प्रयोग गरी लघुबिमा ब्यवस्थापन र सञ्चालन सम्बन्धमा “लघुबिमा निर्देशिका” बनाई लागु गरिसकेको छ। सो निर्देशिकमा न्यून आय, आर्थिक, सामाजिक तथा भौगोलिक कारणबाट जोखिमोन्मुख वर्गका ब्यक्ति तथा समुदायलाई लक्षित गरी निजहरुको जीवन तथा सम्पत्तिको सुरक्षण गर्न निर्देशित गरेको छ। उक्त निर्देशिकाले बीमक कम्पनीहरुको लागि पनि सहज बनाएको कारण अबका दिनहरुमा ग्रामीण विपन्न समुदायहरुको जीवन तथा सम्पत्तिको सुरक्षणमा लाग्न प्रेरित गरेको एवम् मार्ग देखाएको भएतापनि उक्त निर्देशिकाले बिमा कम्पनीहरुलाई लघुबिमा ब्यवसाय अनिवार्य रुपले गराउनुपर्ने बाध्यता तथा स्पष्ट निर्देशन दिएको पाइन्न ।

बिमा कम्पनीहरुले अन्य क्षेत्रमा गरेको जीवन बिमा र निर्जिवन बिमाको कुल रकमको निश्चित प्रतिशत तोकेर न्यून आय भएका वर्ग, विपन्न वर्ग एवम् पिछडिएको क्षेत्रलाई लक्षित गरी अनिवार्य लघुबिमा गर्नँपर्ने बाध्यात्मक निर्देशन दिएमा अझ प्रभावकारी हुने कुरामा कसैको बिमति नहोला र बिमा कम्पनीहरुले प्रभावकारी लघुबिमा ब्यवसाय विभाग गठन गरी आगामी दिनहरुमा आफ्नो ब्यवसाय सोही विभाग मार्फत परिचालन गर्नँपर्ने अर्को महत्वपूर्ण आवश्यकता देखिएको छ। यसले शहरमा केन्द्रीत बिमा कम्पनीहरुको सहभागिता ग्रामीण, विपन्न, न्यून आय भएका क्षेत्र लगायत आर्थिक, सामाजिक तथा भौगोलिक कारणबाट जोखिम वर्गका ब्यक्ति तथा समुदायहरुलाई आवद्ध गराउन अनिवार्य गराउनेछ । फलस्वरुप गरिवी न्युनिकरणमा समेत मद्दत्त गर्नेछ । त्यसको अतिरिक्त ग्रामीण भेगमा लघुबिमा गरे वापत शुल्क सानो आकारमा हुने भएकोले आर्थिक कारोवार पारदर्शि बनाउनु पनि एक अर्को चुनौति हुन्छ। तसर्थ बिमा समिति र सहकारी संघ संस्थाहरुको अनुगमन र नियमन गर्ने नियमनकारी निकायहरु बीच एक-आपसमा समन्वय गरी सहकारी संघ संस्थाहरुलाई पनि लघुबिमा अनिवार्य रुपमा गराउन स्पष्ट निर्देशन दिनुपर्ने देखिन्छ । नेपालमा अहिले नाफामुखी बिमा ब्यवसायिहरु वीचको अत्यधिक प्रतिस्पर्धाको कारणले गर्दा न्यून आय भएको क्षेत्र, वर्ग, समुदाय तथा परिवेशमा पनि बिमा कम्पनीहरुले आफ्नो पहुँच खोजिरहेको पाईएको छ। उद्देश्य जे जस्तो भएतापनि गरिवी निवारणमा यसले महत्वपूर्ण भुमिका खेल्ने नै छ। लघुबिमा ब्यवसाय गर्दा प्राप्त हुने शुल्क र कमिशन न्य”नभएतापनि शहर केन्द्रीत बिमा ब्यवसाय पिछडिएको क्षेत्र, वर्ग र समुदाय लगायत न्यून आय भएका विपन्न वर्ग र क्षेत्रमा समेत आफ्नो कारोवार बृद्धी गरेमा बिमा ब्यवसायिहरु प्रति लाग्ने गरेको “नाफामुखी” भन्ने आरोपमा केही हदसम्म कमी हुँदै जानेछ । यद्यपी प्रक्रिया र महंगो प्रिमियम एवं जनस्तर

मा पर्याप्त ज्ञानको अभावमा ग्रामीण क्षेत्र तथा विपन्न समुदायमा बिमाको अभ्यास रुचिकर नभएको अवस्था विद्यमान छ । तसर्थ ग्रामीण भेगमा सञ्चालित सहकारी संघ/संस्थाहरु मार्फत विशेष गरेर लघुबिमाको योजना कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने देखिन्छ । लघुबिमा व्यवसायलाई व्यवस्थित गर्न प्रमुख रुपमा नियमनको स्पष्ट खाका र वातावरण तयार हुनु पर्दछ । ग्रामीण भेगमा यस्ता क्रियाकलाप प्रवर्द्धन गर्न सहयोगी संस्थाहरुको आवश्यकता पर्दछ र सर्वसाधारण एवं लक्षित वर्गमा बिमाको महत्व र विधि तथा प्रक्रियाका वारेमा सहकारी संघ/संस्थाहरुसंग समन्वय गरी परिणाममुखि शिक्षा तथा प्रशिक्षण दिने व्यवस्था गरेमा प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न सहज हुनेछ ।

लघुबिमा व्यवसाय गर्न अभिकर्ता भई कार्य गर्ने गैर सरकारी संस्था, सहकारी संस्था र समुदायमा आधारित अन्य समुहहरुलाई लघुबिमा अभिकर्ता तोक्दा प्रचलित कानुन वमोजिमको संगठित संस्थाको रुपमा रहेको बिमा अभिकर्तालाई मात्र तोक्नुपर्ने हुन्छ । साथै, लघु जीवन बिमा होस वा लघु निर्जीवन बिमा होस, सो सम्बन्धमा आधारभुत प्रशिक्षणको अतिरिक्त नतिजा उन्मुख प्रशिक्षण प्रदान गरी तोकिएको कार्य गर्न सक्षम भई बौद्धिक परीक्षा लिई उतिर्ण भए पश्चात मात्र अभिकर्ताको इजाजत वा प्रमाणपत्र प्रदान गरेमा अझ उपयुक्त र प्रभावकारी हुनेछ किनकी लघुबिमा गर्ने क्षेत्र विपन्न वर्ग एवम् पिछडिएको क्षेत्रमा बढी मात्रमा गरिने भएकोले यो जटिल बिषय हो । त्यसको अतिरिक्त उक्त क्षेत्रहरुमा गरिने लघुबिमाको प्रस्तावको फारमहरुमा उल्लेख हुने शब्दहरु स्थानिय भाषामा हुनुपर्ने, बिमा शुल्कको रकम सम्बन्धमा स्पष्ट अग्रिम जानकारी गराउनु पर्ने, दावी भुक्तानी प्रकृया सहज हुनुपर्ने, बिमालेखमा इच्छाएको व्यक्ति यकिन गरी उल्लेख गर्नुपर्ने, बिमालेख जतिसक्दो चाँडो बीमितलाई उपलब्ध गराउनुपर्ने लगायत स्थानिय स्तरमा उत्पन्न हुने अन्य कठिनाईहरुको वारेमा बिस्तृत अध्ययन एवम् सर्वेक्षण गर्नुपर्ने हुन्छ । त्यसको फलस्वरुप एक आपसमा अविश्वास र विश्वासको संकट नहुने कुरामा कसैको विमति नहोला । लघुबिमा शुल्क विपन्न वर्गबाट न्यून आकारमा प्राप्त हुने भएकोले लघुबिमा सम्बन्धी कार्य गर्ने अभिकर्ता तथा उत्प्रेरकले लघुबिमा सम्बन्धी ठगी, अपचलन तथा बीमितको अहित हुने कार्य गरेको कारण क्षति भएमा त्यसको जिम्मेवारी र दायीत्वको बिषयमा करारमा स्पष्ट उल्लेख गरी अझ रदर्शिता कायम गराउन सकिएमा दुवै पक्षको हित हुनेछ ।

खासगरी लघुबिमाको प्रमुख उद्देश्य लक्षित समुदाय गरिव तथा न्यून आय भएका सर्वसाधारणहरुको जोखिम बहन गर्नु हो । यस खालको बिमाले बिमितहरुको आकस्मिक र्दुघटनाबाट हुने शारिरिक क्षति र उपचार, मृत्युको अवस्थामा काजक्रिया सम्बन्धी खर्च, औषधोपचार सम्बन्धी खर्च, बालि र पशुधन एवं गार्हस्थ्य सुरक्षण मार्फत पुँजीगत जोखिमलाई न्युनिकरण गर्ने जस्ता क्रियाकलापहरु समेटिएको हुन्छ । तसर्थ लघुबिमा कार्यक्रम सञ्चालन गर्दा देहाय वमोजिमको सिद्धान्त, उद्देश्य र क्रियाकलापहरु समावेश गरेमा गरीबी निवारण गर्ने उद्देश्य राख्ने निकाय, लघुबिमा व्यवसायि, सहकारी संघ/संस्थाहरु र लक्षित विपन्न वर्गहरु लाभान्वित हुनेछन् ।

(क) सामाजिक परिचालन र ऐक्यवद्धता:

लघुबिमाको ब्यापकताले गर्दा सहकारी संघ/संस्थाहरु तथा ग्रामीण भेगमा कार्यगर्ने अन्य संस्थाहरुको सदस्यहरुमा ऐक्यवद्धताको भावना जागृत गराउँदछ । लघुबिमामा आवद्ध समाजका प्रत्येक ब्यक्तिहरुको समाजिक सुरक्षाको ब्यवस्था र सोको ब्यवस्थापनमा स्वयम्को संलग्नताले आवद्ध सदस्यहरु वीच सुरक्षा र समिप्यताको भावना जागृत भई अन्य क्षेत्रको सामाजिक आर्थिक विकासको क्षेत्रमा समेत सकारात्मक असर पुग्दछ ।

(ख) गरिवी निवारण प्रमुख उद्देश्य:

लघुबिमा गर्ने वर्ग, समुह, समुदाय र क्षेत्रका वासिन्दाहरुबाट प्राप्त हुने बिमा प्रिमियम न्यून हुनु पर्दछ । त्यसो भन्नुको अर्थ बढी मात्रामा मुनाफाको उद्देश्य रहनु हुँदैन भन्न खोजिएको हो । देशमा सञ्चालित हरेक संघ संस्थाको संस्थागत उद्देश्यहरु जे-जस्तो भएतापनि आफुले सञ्चालन गर्ने हरेक कार्यक्रममा गरिव र विपन्नवर्गहरुको

गरिवी निवारण गर्नंपर्ने दायित्व हुने भएकोले नाफाको केही हिस्सा उक्त क्षेत्रमा उपलब्ध गराउन सकेमा संस्थागत प्रभावकारिता बढ्न गई लघुबिमा कार्यक्रम जनमुखि हुनेछ र गरिवी निवारणमा सहयोग पुग्नेछ ।

(ग) **जोखिमको बाँडफाँड तथा श्रोतको उपयोग:**

कुनैपनि लघुबिमा योजनाको मुख्य उद्देश्य भनेको समुदाय वा समुहको श्रोतलाई एकत्रित गरी जोखिमको दायित्वलाई बाँडफाँड गरी स्थानिय स्तरमै क्षतिपुर्तिको व्यवस्थापन गर्नं हो । यस अर्थमा समुह वा समुदायको स्वःव्यवस्थापनबाट नियमित रुपमा साना आकारमा जोखिमको व्यवस्थापन गर्न श्रोतको संकलन गरी सोही श्रोतको उपयोग गरी सीमित दायरामा क्षतिपुर्तिको केही अंश ब्यहोर्ने संस्थागत व्यवस्थापन यस अर्न्तगत पर्दछ । यस अर्न्तगत सीमित आकारको स्वास्थ्य उपचार, मृत्यु हुँदाको क्रिया खर्च, दुर्घटना हुँदाको अवस्थामा गरिने सहयोग, गार्हस्थ्य, बालि, लगायत पशुधनको क्षतिमा उपलब्ध गराइने क्षतिपुर्ति जस्ता क्रियाकलापहरु समेटिएको हुनु पर्दछ ।

(घ) **निश्चित जोखिम वहन:**

लघुबिमा अर्न्तगत सीमित अंक र दायराको मात्र बिमा गर्न सकिन्छ । जोखिमको गणना गर्ने विधि यसमा खासगरी प्रयोग भएको पाईंदैन । कुन अवस्थामा कति रकम उपलब्ध गराउने पहिले नै स्पष्ट तोक्नुपर्ने हुन्छ । तसर्थ सहकारी संघ/संस्थाहरु लगायतका ग्रामीण भेगमा लघुबिमा सम्बन्धी अभिकर्ता भई कार्य गर्न इच्छुक संस्थाहरुसंग समन्वय गरी कार्यान्वयन गराउनु पर्नेमा जोड दिनु पर्दछ ।

(ङ) **ब्यापक जोखिम वहन:**

लघुबिमा अर्न्तगत बिमित सबैलाई एकै पटक क्षतिपुर्ति दिन सक्ने अवस्था नहुन सक्छ । त्यसैले विपत्ति वा माहामारी जस्ता समस्याबाट भएका ब्यापक क्षतिलाई यस प्रकारको जोखिम ब्यवस्थापनले क्षतिपुर्ति गर्न सक्दैन । यस सन्दर्भमा अन्य बिमक कम्पनीहरुसंग समन्वय र सहकार्य गरी रणनीति तय गरेमा ब्यापक क्षतिको क्षतिपुर्ति दावी भुक्तानी गर्न सहज हुनेछ ।

(च) **विभेद रहित सहभागिता:**

लघुबिमाले गरिव तथा विपन्न समुदायहरुलाई लक्षित गरी ब्यवसाय सञ्चालन गर्दा विभेद रहित हुनु पर्दछ । सहकारी संस्थाहरु र लघुवित्त संस्थाहरुमार्फत लघुबिमा गर्दा लघुबिमाको स्वामित्व सामुहिक रुपमा स्वीकार गरेका हुन्छन् । यस सन्दर्भमा बिमित सदस्यहरुको सक्रिय सहभागिता रहने तथा प्रजातान्त्रिक विधिबाट ब्यक्ति, समुदाय र समुहको निर्णय प्रक्रियामा सहभागिता जनाउने अभ्यासलाई लघुबिमाले प्रश्रय दिनु पर्दछ ।

(छ) **ठुलो आकारको बिमित सदस्यता:**

लघुबिमाको सफलताको लागि धेरै लघुबिमा गर्न इच्छुक/जागरुक ब्यक्ति, समुह र समुदायहरुको आवश्यकता पर्दछ । सानो संख्यामा लक्षित वर्ग रहेका संस्थाहरुले बिमाको कार्यक्रम सञ्चालन गरेको अवस्थामा एकातर्फ श्रोत संकलन अर्थात प्रिमियम महंगो पर्नंको साथै बिमा दावीको संख्या अनुपात समेत बढी भई यो ब्यवसायको लक्ष्य तथा मुनाफामा समेत असर गर्दछ । त्यसैले लघुबिमा ब्यवसायि र सहकारी संघ/संस्थाको लागि बिमित सदस्यहरुको संख्या जति बढी हुन्छ त्यति नै ब्यवसायिक सम्भाब्यता बढ्दै जान्छ ।

(ज) **बृहत जोखिमहरुको नियन्त्रण:**

लघुबिमाले केहि प्रमुख जोखिमको क्षेत्रहरु मात्र समेट्ने होइन, ग्रामीण परिवेशमा आईपर्ने संभावित जोखिम न्युनिकरणमा ठोस योगदान गरी सामाजिक क्रियाकलापमा समेत आफ्नो सहभागिता देखाउन सकेमा मात्र यो ब्यवसाय जनमुखि र सर्वस्वीकार्य हुने कुरामा कसैको विमति नहोला ।

(झ) **स्पष्ट सरकारी अनुदानको ब्यवस्था:**

लघुबिमा गर्ने न्यूनआय भएका, पिछडिएका वर्ग, विपन्न वर्ग, समुदाय र क्षेत्रमा बिमितहरुले बिमा

गरेका क्षेत्रहरु जस्तैः शारिरिक, बालि, पशुधन एवम् गार्हस्थ्य लघुबिमा गरे वापत बिमा शुल्कमा सरकारी निकायबाट अन्य क्षेत्रमा प्रदान गर्ने गरेको अनुदान जस्तै स्पष्ट खाका तयार गरी यथेष्ठ मात्रामा अनुदानको व्यवस्था गरेमा लक्षित वर्गको आर्थिक भारमा कमी भई गरिवी निवारणमा सहयोग पुग्नेछ ।

(ञ) गैर नाफामूलक उद्देश्यः

लघुबिमा कार्यक्रम प्रायःजसो नाफाका लागि भन्दापनि न्यून आय भएको ग्रामीण क्षेत्रमा कार्य गर्नपर्ने भएकोले गरिवी निवारणमा ठोस योगदान पुऱ्याउने प्रमुख उद्देश्य रहनु पर्ने हुन्छ । शुरुको अवस्थामा सञ्चालन खर्च बढी देखिएतापनि भविश्यमा लघुबिमा प्रति जनविश्वाश बढ्न गई व्यवसाय बृद्धी हुनेछ । ग्रामीण भेगमा गरिवी निवारणको लागि सञ्चालित सहकारी संस्था, लघुबित्त संस्था, सामुदायिक संस्थाहरु र अन्य महिला समुहहरुमा आवद्ध सदस्यहरु धेरै हुने भएकोले संख्याको हिसाबमा बिमितहरु पनि स्वभाविक रुपमा धेरै संख्यामा हुनेछन् । फलस्वरुप शहरी क्षेत्रमा मात्र हैन ग्रामीण क्षेत्रमा समेत प्रवर्द्धन हुने भएकोले ब्यवसायमा प्रभावकारी परिवर्तन हुनेछ । बिमा शुल्क सानो आकारमा प्राप्त हुन्छ भने बिमा दावी पनि सोही वमोजिमकै आकारमा माग हुने भएकोले यसले समग्र व्यवसायमा खासै नकारात्मक प्रभाव नहुने निश्चित छ ।

नाफामुलक दृष्टीमात्र राख्दा संस्थागत उद्देश्यहरु त पुरा होलान तर भविश्यमा यस्तो संकुचित सोंचले आजको प्रतिस्पर्धात्मक युगमा पछाडी पर्नपर्ने हुन्छ । तसर्थ लघुबिमा सम्बन्धी कार्य गर्ने संघ संस्था, सहकारी संघ संस्था, र बिमा कम्पनीहरुले यो कार्यक्रमलाई नाफामात्र प्राप्तगर्ने सोंच हैन, सेवामुलक र गरिवी निवारण गर्ने मनसाय सहितको उद्देश्य समावेश गरेमा राष्ट्र निर्माणमा प्रभावकारी योगदान पुग्नेछ ।

## ब्याजदर परिवर्तन सम्बन्धी सूचना

**मिति २०८१/०४/०४ गते देखि लागु हुने गरी बचत तथा कर्जाको शिर्षकहरुमा तपशिल बमोजिमको ब्याजदर कायम गरिएको हुँदा सदस्य संघ/संस्थाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**बचत तर्फ**

| खाताको प्रकार | न्यूनतम मौज्दात तथा अवधि | ब्याजदर प्रतिशत |
|---|---|---|
| साधारण बचत | ० मौज्दात | १.५० |
| | न्युनतम मौज्दात रु.१,०००/- | १.७५ |
| विशेष बचत | न्युनतम मौज्दात रु.१०,०००/- | २.०० |
| सुपर बचत | रु. २५ हजार देखि माथी रु.१० लाख सम्मको मौज्दातमा | २.२५ |
| | रु.१० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | २.५० |
| | रु.२५ लाख भन्दा माथीको मौज्दातमा | २.७५ |
| एन.सि.बि.एल.समुन्नत बचत खाता | रु. १० लाख सम्मको मौज्दातमा | २.२५ |
| | रु. १० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | २.५० |
| | रु.२५ लाख भन्दा माथीको मौज्दातमा | २.७५ |
| एन.सि.बि.एल. प्रीमीयम बचत खाता | न्युनतम मौज्दात रु.१००,०००/- | २.७५ |
| अनिवार्य नियमित बचत | न्युनतम मौज्दात रु.१,०००/- | ६.५०-७.०० |
| क्रमिक बचत | १ वर्ष देखि ३ वर्ष | ६.०० |
| | ३ वर्ष भन्दा माथी ५ वर्ष | ६.७५ |
| मुद्धती निक्षेप | ३ महिना देखि ६ महिना भन्दा कम | ४.५० |
| | ६ महिना देखि १ वर्षभन्दा कम | ४.७५ |
| | १ वर्ष देखि २ वर्षभन्दा कम | ५.०० |
| | २ वर्ष देखी ५ वर्ष | ५.५० |

**कर्जा तर्फ**

| कर्जाको प्रकार | अवधि | ब्याजदर प्रतिशत |
|---|---|---|
| (क) कृषि कर्जा | ३ महिना देखि ५ वर्षे | ७.००-९.०० |
| (ख) परियोजना कर्जा | ३ महिना देखि १५ वर्षे | ७.००-९.०० |
| (ग) आवधिक कर्जा | ३ महिना देखि ४ वर्षे | ९.५० |
| | ५ वर्ष र सो भन्दा माथी | ९.७५ |
| (घ) हायर पर्चेज कर्जा | ५ वर्ष सम्म | १०.५० |
| (ङ) लघुवित्त कर्जा | ३ महिना देखि ५ वर्षे | ९.५०-९.७५ |
| (च) दिगो सहकारी कर्जा | ५ वर्ष सम्म | ११.०० |
| (छ) घर घडेरी खरिद तथा भवन निर्माण कर्जा | ५ देखि १० वर्षे | ९.५०-१०.५० |
| (ज) तरलता ब्यवस्थापन कर्जा | १ वर्षे | १०.५० |
| (झ) चालु पुँजी कर्जा | १ वर्षे | १०.०० |
| (ञ) आपतकालिन तरलता व्यवस्थापन कर्जा | ६ महिना सम्म | १०.५० |
| (ट) सहकारी व्यवस्थापन कर्जा | १ वर्षे | १०.७५ |
| (ठ) सहकारी स्तरिकरण कर्जा | ५ वर्ष सम्म | ८.५० |
| (ड) साना तथा मझौला सदस्य कर्जा | ३ वर्षे | ८.५० |
| (ढ) उत्पादन/प्रसोधन/भण्डारण/बजारीकरण कर्जा | १ वर्ष देखि ५ वर्ष | ७.००-९.०० |
| (ण) मुद्धती निक्षेप कर्जा | - | थप २ प्रतिशत |
| (त) अल्पकालिन व्यवसायीक कर्जा | १ वर्ष | १०.०० |
| (थ) मौसमी कर्जा | १ वर्ष सम्म | ७.०० |
| (द) पर्यटन प्रबर्द्धन कर्जा | ३ महिना देखि १० वर्षे | ७.००-१०.०० |
| (ध) सबल सहकारी कर्जा | ५ वर्ष सम्म | ११.०० |
| (न) गरिबी निवारण कर्जा | १ वर्ष देखि ५ वर्ष | ९.५०-९.७५ |
| (प) व्यवसायीक कर्जा | ३ महिना देखि ४ वर्ष | ९.५० |
| | ५ वर्ष र सो भन्दा माथी | ९.७५ |

**नोट :**

(१) घर घडेरी खरिद तथा भवन निर्माण कर्जाको स्वःलगानी नियमानुसार हुनेछ ।

(२) मुद्दती निक्षेपको Bid Rate ५.५० प्रतिशत सम्म प्रस्ताव गर्न सकिनेछ ।

(३) अपाङ्ग, दलित र महिलाद्वारा मात्र संचालित संस्थालाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशतसम्म थपघट गर्न सकिनेछ । यस्तो सुविधा दोहोरो हुनेगरी प्रदान गरिनेछैन ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५९८०१८२, Web: www.ncbl.coop

## २२ औं स्थापना दिवसको अवसरमा जारी

# प्रतिवद्धता

नेपालको आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा सहकारी संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । आर्थिक रूपमा पछाडि परेका जनताको जीवनस्तर उकास्न बि.स. २०१० मा सहकारी विभागको गठनबाट सुरू भएको सहकारी अभियानले आज ७० वर्ष पार गरिसकेको छ । अभियानलाई सबल बनाउन नेपाल सरकारको समेत शेयर लगानीमा स्थापित राष्ट्रिय सहकारी बैंक लिमिटेड २२ औं वर्ष प्रवेश गरेको सु-अवसरमा बैंकका संस्थापक, सदस्य सहकारी संघ/संस्थाहरू, नियामक निकाय, शुभेच्छुक तथा सरोकारवाला निकायहरूलाई हार्दिक आभार प्रकट गर्दछौं ।

नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोबारको लागि स्वीकृत प्राप्त यस बैंकले संस्थागत सुशासन र सदस्यमुखी व्यवहारमा उल्लेख्य प्रगति गर्दै मुलुकभर रहेका १६,३२८ सहकारी संघ/संस्थाहरूको आफ्नै बैंकको रूपमा सात वटै प्रदेशमा ६८ शाखा र एक केन्द्रीय कार्यालयबाट सदस्य सहकारी संघ/संस्थाहरुलाई वित्तीय सेवा उपलब्ध गराउँदै आएको छ । यसबाहेक, बैंकले सहकारी स्तरीकरण, शिक्षा तथा तालिम, डिजिटलाइजेशन, सहकारी अभियानको संरक्षण र संवर्द्धनका लागि विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ। सदस्य संघ/संस्थाहरूको विश्वास र मायाका कारण बैंकको आर्थिक वर्ष २०८०/०८१ मा कुल सम्पत्ति रु. ६९ अर्ब ५५ करोड पुगेको छ ।

बैंकले नियामकीय प्रावधानहरूको पालन गर्दै वित्तीय जवाफदेहीता, पारदर्शिता, निष्पक्षता, बचतकर्ताको निक्षेप सुरक्षण, सुरक्षित कर्जा लगानी, तथा जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्दै आएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय अर्थतन्त्रमा परेको असरले बैंक र सदस्य सहकारी संस्थामा परेको चुनौतीहरूका बावजुद, बैंकले दिगो, मर्यादित र प्रविधिमैत्री सेवा उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। बैंकले पूँजी पर्याप्तताको पालना, अनिवार्य नगदको पूर्णता, कर्जा जोखिम कोषमा यथेष्ट प्रबन्ध, एकल कर्जा लगानी तथा कर्जा सदुपयोगितालाई बिशेष ध्यान दिँदै सञ्चालन गरिरहेको छ ।

आगामी दिनहरूमा, बैंकले सदस्यलाई सहुलियतपूर्ण सेवा, अत्याधुनिक प्रविधिमा लगानी, सीप विकास, र सोको लागि सहुलियतपूर्ण कर्जा उपलब्धता, संचालक/लेखा सुपरिवेक्षण समिति एवं कर्मचारीहरूको क्षमता विकासमा निरन्तर लगानीको वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापन, वातावरण संरक्षणमा सहयोग गर्दै दिगो सहकारी क्षेत्रको विकासमा भूमिका खेल्ने प्रतिज्ञा गर्दछौं । बैंकको ध्यान सहकारीमार्फत सीमान्तकृत र विपन्न वर्गको जीवनस्तर उकास्ने र उनीहरूको जीविकोपार्जनमा सुधार ल्याई समावेशी समाज निर्माण गर्ने लक्ष्यमा अघि बढेको छ ।

नेपालको सहकारी क्षेत्रमा बैंक आज जहाँ छ र जे छ, त्यसको सम्पूर्ण श्रेय सदस्य सहकारी संघ/संस्थाहरूलाई जान्छ । आगामी दिनमा पनि सदस्यहरूको सद्भाव, सहयोग पाउँदै अत्याधुनिक, प्रविधिमैत्री, सदस्यमैत्री, मर्यादित, तथा व्यवसायिक सेवा प्रदान गर्न प्रेरित हुँदै, उत्कृष्ट वित्तीय तथा गैर-वित्तीय सेवा एवम् सुविधाहरू प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

तपाईंहरूको निरन्तर समर्थन र विश्वासको लागि हार्दिक धन्यवाद ।

जय एन.सि.बि.एल. !!!

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

# राष्ट्रिय सहकारी बैंकद्वारा विभिन्न विधामा व्यक्ति तथा संस्थाहरु पुरस्कृत



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको २० औं वार्षिक साधारण सभाको अवसरमा घोषणा भएका विभिन्न व्यक्ति तथा संघ/संस्थातर्फको सम्मान तथा पुरस्कार श्रावण १९ गते प्रदान गरेको छ । बैंकको २०८० मंसिर ३० गते सम्पन्न वार्षिक साधारणसभामा घोषणा भएका सम्मान तथा पुरस्कार स्थापना दिवसका अवसरमा प्रदान गरिएको हो ।

बैंकले विभिन्न विधामा पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रम अन्तरगत बैंकका संस्थापक अध्यक्ष स्वर्गीय राजेशहरि जोशी स्मृति सम्मान पुरस्कार पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कास्की, पोखराका संस्थापक अध्यक्ष स्वर्गीय तुलसी प्रसाद गुरुङलाई मरणोपरान्त प्रदान गरेको छ । यस्तै पूर्व सञ्चालक तर्फ डा.विदुर चालिसे, राष्ट्रिय सहकारी बैंक पत्रकारिता पुरस्कार मेरो लगानी डटकममा कार्यरत पत्रकार सुधा देवकोटालाई प्रदान प्रदान गरिएको छ । त्यसैगरी बैंकको शाखा कार्यालयहरू मध्यबाट टाँडी शाखा चितवन, कर्मचारीहरू मध्ये अधिकृत तहबाट रुक्मत श्रेष्ठ (सहायक अधिकृत, कावासोती शाखा प्रमुख), सहायक स्तरबाट पुष्प पाठक (केन्द्रीय कार्यालय), सहयोगी स्तरबाट माधवराज भट्टराई (पोखरा शाखा) लाई पुरस्कृत गरिएको छ ।

त्यसैगरी बैंकले देशभरका सदस्य सहकारी संघहरु मध्ये राष्ट्रिय स्तरको बागमती प्रदेश सहकारी संघ लिमिटेड ललितपुर, बचत तथा ऋण सहकारी मध्येबाट समाज कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड वीरेन्द्रनगर, सुर्खेत, राष्ट्रिय स्तरको बचत तथा ऋण बाहेक मेची कृषक बहुमुखी सहकारी संस्था लिमिटेड झापा, राष्ट्रिय स्तरको महिलाद्वारा सञ्चालित संस्था मध्ये नन्देश्वर महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड सर्लाहीलाई सम्मान तथा पुरस्कृत गरेको छ ।

त्यसैगरी बैंकले प्रदेश स्तरीय पुरस्कार पाउने सदस्य सहकारी संघ/संस्था र शाखा स्तरमा उत्कृष्ट र नियमित कारोबार गर्ने सहकारी संघ संस्थालाई पनि पुरस्कार वितरण गरेको छ । सम्बन्धित प्रदेशमा आयोजित कार्यक्रममा पुरस्कार वितरण गरेको बैंकले जनाएको छ ।

## राष्ट्रिय सम्मान/पुरस्कार तर्फः

| | |
|---|---|
| **व्यक्तिगत तर्फ** | |
| संस्थापक अध्यक्ष/सञ्चालक सम्मान पुरस्कार | स्व. तुलसी प्रसाद गुरुङ, पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा महानगरपालिका |
| सहकारी बैंक पूर्व सञ्चालक सम्मान पुरस्कार | श्री डा. विदुर चालिसे, पूर्व सञ्चालक |
| सहकारी बैंक पत्रकारिता पुरस्कार | श्री सुधा देवकोटा (मेरो लगानी डट कम) |
| **सदस्य संघ /संस्था तर्फ** | |
| सहकारी संघ | बागमती प्रदेश सहकारी संघ लिमिटेड, ललितपुर महानगरपालिका |
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | समाज कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | मेची कृषक बहुमुखी सहकारी संस्था लिमिटेड, मेचीनगर नगरपालिका, झापा |
| महिलाद्वारा सञ्चालित सहकारी संस्था | नन्देश्वर महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, लालबन्दी नगरपालिका, सर्लाही |
| **बैंक व्यवस्थापन तर्फ** | |
| सहकारी बैंक उत्कृष्ठ शाखा सम्मान | श्री टाँडी शाखा कार्यालय, चितवन |
| सहकारी बैंक उत्कृष्ठ कर्मचारी (प्रबन्धक/अधिकृतस्तर) | श्री रुक्मत श्रेष्ठ, कावासोती शाखा कार्यालय, नवलपुर |
| सहकारी बैंक उत्कृष्ठ कर्मचारी (सहायकस्तर) | श्री पुष्प पाठक, केन्द्रीय कार्यालय, पुल्चोक |
| सहकारी बैंक उत्कृष्ठ कर्मचारी (सहयोगीस्तर) | श्री माधव प्रसाद भट्टराई, शाखा कार्यालय, पोखरा |

## प्रदेशस्तरीय सम्मान तर्फः

### कोशी प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लि., धनकुटा नगरपालिका, धनकुटा |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि., गौरादह नगरपालिका, झापा |

### मधेश प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | सगुन बचत तथा ऋण सहकारी संस्था लि., हरिवन नगरपालिका, सर्लाही |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | साना किसान कृषि सहकारी संस्था लि., मनहर्वा, कलैया उपमहानगरपालिका, बारा |

### बागमती प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | बहुआयामिक कृषि बचत तथा ऋण सहकारी संस्था लि., नागार्जुन नगरपालिका, काठमाडौं |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि., हेटौंडा उपमहानगरपालि, मकवानपुर |

### गण्डकी प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | विशाल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा महानगरपालिका, कास्की |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | मोदीखोला बहुउद्देश्यीय सहकारी संस्था लि., मोदी गाउँपालिका, पर्वत |

### लुम्बिनी प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | नमुना महिला विकास बचत तथा ऋण सहकारी संस्था लि., बुटवल उपमहानगरपालिका, रुपन्देही |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि., बाणगंगा नगरपालिका, कपिलवस्तु |

### कर्णाली प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | गंगामाला स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लि., भेरीगंगा नगरपालिका, सुर्खेत |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | साना किसान कृषि सहकारी संस्था लि., उत्तरगंगा, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |

### सुदूरपश्चिम प्रदेश

| | |
|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी संस्था | मानाङ्क बचत तथा ऋण सहकारी संस्था लि., गोदावरी नगरपालिका, कैलाली |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी संस्था | सुर्योदय बहुउद्देश्यीय सहकारी संस्था लि., भीमदत्त नगरपालिका, कन्चनपुर |

## शाखास्तरीय सम्मान तर्फः

### कोशी प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| विराटनगर | | |
| विराटेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | विराटनगर ९ | उत्कृष्ट कारोबार |
| उर्लाबारी | | |
| सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि. | उर्लाबारी-३ | उत्कृष्ट कारोबार |
| मितेरी बचत तथा ऋण सहकारी संस्था लि. | उर्लाबारी-७ | नियमित कारोबार |
| इटहरी | | |
| दुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | इटहरी ०९ | उत्कृष्ट कारोबार |
| शुभलाभ बचत तथा ऋण सहकारी संस्था लि. | इटहरी ०६ | नियमित कारोबार |
| दमक | | |
| जनमुखी सहकारी संस्था लिमिटेड | दमक-६ | उत्कृष्ट कारोबार |
| सुर्यमुखी बचत तथा ऋण सहकारी संस्था लि. | दमक-५ | नियमित कारोबार |
| बिर्तामोड | | |
| आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. | बिर्तामोड-५ | उत्कृष्ट कारोबार |
| अनन्त परोपकार समाज बचत तथा ऋण सहकारी संस्था लि. | बिर्तामोड -४ | नियमित कारोबार |
| धरान | | |
| दिव्यज्योति महिला एकता बचत तथा ऋण सहकारी संस्था लि. | धरान -९ | नियमित कारोबार |
| इलाम | | |
| बरबोटे बचत तथा ऋण सहकारी संस्था लि. | ईलाम-५ | उत्कृष्ट कारोबार |
| जागृति बचत तथा ऋण सहकारी संस्था लि. | ईलाम- | नियमित कारोबार |
| फिदिम | | |
| आठराई बहुउद्देश्यीय सहकारी संस्था लि. | आठराई ५ | उत्कृष्ट कारोबार |
| बिश्वज्योती बचत तथा ऋण सहकारी संस्था लि. | फिदिम -१ | नियमित कारोबार |
| इनरूवा | | |
| कोशी बचत तथा ऋण सहकारी संस्था लि. | इनरुवा ०१ | उत्कृष्ट कारोबार |
| नवयुग बहुउद्देश्यीय सहकारी संस्था लि. | इनरुवा -५ | नियमित कारोबार |
| मेचीनगर | | |
| मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि. | मेचीनगर-९ | उत्कृष्ट कारोबार |
| महालक्ष्मी कृषि सहकारी संस्था लि. | मेचीनगर-१० | नियमित कारोबार |
| सुन्दरहरैचा | | |

| | | |
|---|---|---|
| कनकलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | सुन्दरहरैचा -६ | उत्कृष्ट कारोबार |
| भोजपुरे कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. | सुन्दरहरैचा -१० | नियमित कारोबार |

## मधेश प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| राजविराज | | |
| जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. | राजविराज ४ | उत्कृष्ट कारोबार |
| सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. | कञ्चनरुप ८ | नियमित कारोबार |
| जनकपुर | | |
| राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लि. | जनकपुरधाम ८ | उत्कृष्ट कारोबार |
| सारा बचत तथा ऋण सहकारी संस्था लि. | जनकपुरधाम ८ | नियमित कारोबार |
| कलैया | | |
| श्रमजिवी बहुउद्देश्यीय सहकारी संस्था लि. | कलैया -१८ | उत्कृष्ट कारोबार |
| दिपशिखा महिला बचत तथा ऋण सहकारी संस्था लि. | कलैया -६ | नियमित कारोबार |
| सिमरा | | |
| हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. | जितपुरसिमरा -२ | उत्कृष्ट कारोबार |
| जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. | जितपुरसिमरा -२ | नियमित कारोबार |
| वीरगञ्ज | | |
| श्रीनिधि बचत तथा ऋण सहकारी संस्था लि. | वीरगञ्ज ७ | उत्कृष्ट कारोबार |
| नारायणी बचत तथा ऋण सहकारी संस्था लि. | वीरगञ्ज -८ | नियमित कारोबार |
| चन्द्रनिगाहापुर | | |
| चन्द्रोदय बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रपुर-४ | उत्कृष्ट कारोबार |
| सफल बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रपुर-४ | नियमित कारोबार |
| हरिवन | | |
| चमेली बचत तथा ऋण सहकारी संस्था लि. | इश्वरपुर ६ | उत्कृष्ट कारोबार |
| जय श्री राम बचत तथा ऋण सहकारी संस्था लि. | हरिवन १ | नियमित कारोबार |
| बर्दिवास | | |
| बिषहरामाई बचत तथा ऋण सहकारी संस्था लि. | औरही -७ | उत्कृष्ट कारोबार |
| सुलभ बचत तथा ऋण सहकारी संस्था लि. | मिथिला -१० | नियमित कारोबार |
| लहान सिराहा | | |
| राजश्री सेभिङ्गस एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लि. | मिर्चैया सेवा केन्द्र | उत्कृष्ट कारोबार |
| बुद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि. | धनगढीमाई १० | नियमित कारोबार |

# बागमती प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| मुख्य शाखा | | |
| जलविनायक बचत तथा ऋण सहकारी संस्था लि. | सिंहदरवार काठमाडौं | उत्कृष्ट कारोबार |
| बागेश्वरी सानाकिसान कृषि सहकारी संस्था लि. | रामेछाप | नियमित कारोबार |
| लगनखेल | | |
| क्यारिना बचत तथा ऋण सहकारी संस्था लि. | ललितपुर ३ | उत्कृष्ट कारोबार |
| धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | ललितपुर १२ | नियमित कारोबार |
| चापागाउँ | | |
| नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | गोदावरी १२ | उत्कृष्ट कारोबार |
| सम्मान कृषि सहकारी संस्था लि. | गोदावरी १० | नियमित कारोबार |
| नयाँ बानेश्वर | | |
| पृथक बचत तथा ऋण सहकारी संस्था लि. | कोटेश्वर | उत्कृष्ट कारोबार |
| सुर्यकोट बचत तथा ऋण सहकारी संस्था लि. | कोटेश्वर | नियमित कारोबार |
| चाबहिल | | |
| राममन्दिर नारी चेतना सिपमुलक सहकारी संस्था लि. | कपन | उत्कृष्ट कारोबार |
| कम्पास बचत तथा ऋण सहकारी संस्था लि. | चाबहिल | नियमित कारोबार |
| गोंगबु | | |
| म्याग्दी बचत तथा ऋण सहकारी संस्था लि. | गोंगबु | उत्कृष्ट कारोबार |
| ट्रेड बचत तथा ऋण सहकारी संस्था लि. | लाजिम्पाट | नियमित कारोबार |
| कलंकी | | |
| फोकस बचत तथा ऋण सहकारी संस्था लि. | का.म.न.पा. १४ | उत्कृष्ट कारोबार |
| नाईल बचत तथा ऋण सहकारी स्स्था लि. | का.म.न.पा. १४ | नियमित कारोबार |
| न्युरोड | | |
| क्यारेबियन बचत तथा ऋण सहकारी संस्था लि. | महाबौद्ध | उत्कृष्ट कारोबार |
| ॐसाईनाथ लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. | महाबौद्ध | नियमित कारोबार |
| ठिमी | | |
| श्रीअरनिको नमुना बचत तथा ऋण सहकारी संस्था लि. | मध्यपुर ठिमी ३ | उत्कृष्ट कारोबार |
| भविष्य बचत तथा ऋण सहकारी संस्था लि. | देवडोल | नियमित कारोबार |
| चरिकोट दोलखा | | |
| शिक्षक कल्याण बचत तथा ऋण सहकारी संस्था लि. | भिमेश्वर ३ | उत्कृष्ट कारोबार |
| परोपकार महिला बचत तथा ऋण सहकारी संस्था लि. | भिमेश्वर ६ | नियमित कारोबार |

| | | |
|---|---|---|
| बनेपा | | |
| विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा ७ | उत्कृष्ट कारोबार |
| डाइनामिक युवा बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा ४ | नियमित कारोबार |
| सिन्धुली | | |
| स्वर्णिम भविश्य बचत तथा ऋण सहकारी संस्था लि. | कमलामाइ ६ | उत्कृष्ट कारोबार |
| मिलीजुली बचत तथा ऋण सहकारी संस्था लि. | धुरा बजार | नियमित कारोबार |
| नुवाकोट | | |
| हाम्रो सहकारी संस्था लि. | विदुर ७ | उत्कृष्ट कारोबार |
| साथी उपभोक्ता सहकारी संस्था लि. | विदुर ४ | नियमित कारोबार |
| हेटौंडा | | |
| जिल्ला बचत तथा ऋण सहकारी संघ लि.मकवानपुर | हेटौडा-२ | उत्कृष्ट कारोबार |
| बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि. | हेटौडा-११ | नियमित कारोबार |
| कमलविनायक | | |
| श्रमजिवी बचत तथा ऋण सहकारी संस्था लि. | भक्तपुर | उत्कृष्ट कारोबार |
| अग्रज महिला बचत तथा ऋण सहकारी संस्था लि. | चाँगुनारायण | नियमित कारोबार |
| कीर्तिपुर | | |
| टल्कु बचत तथा ऋण सहकारी संस्था लि. | दक्षिणकाली | उत्कृष्ट कारोबार |
| हरिओम बचत तथा ऋण सहकारी संस्था लि. | किर्तिपुर | नियमित कारोबार |
| कालीमाटी | | |
| एटलस बचत तथा ऋण सहकारी संस्था लि. | कुलेश्वर | उत्कृष्ट कारोबार |
| महिला तरकारी व्यवसायि बचत तथा ऋण सहकारी संस्था लि. | कालिमाटि | नियमित कारोबार |
| जोरपाटी | | |
| लक्ष्मी नारायण बचत तथा ऋण सहकारी संस्था लि. | मुलपानी | उत्कृष्ट कारोबार |
| पासा ग्वाहाली बचत तथा ऋण सहकारी संस्था लि. | गोकर्णेश्वर | नियमित कारोबार |
| इमाडोल | | |
| कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि. | लुभु | उत्कृष्ट कारोबार |
| बहुपक्षिय कृषि सहकारी संस्था लि. | लामाटार | नियमित कारोबार |
| नारायणगोपाल चोक | | |
| पावसा बचत तथा ऋण सहकारी संस्था लि. | चण्डोल काठमाडो | उत्कृष्ट कारोबार |
| सोभिनियर बचत तथा ऋण सहकारी संस्था लि. | बसुन्धरा काठमाडो | नियमित कारोबार |
| बलम्बु | | |
| ग्रामिण आर्थिक बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रागिरी-१ | उत्कृष्ट कारोबार |
| आयाम बचत तथा ऋण सहकारी संस्था लि. | चन्द्रागिरी-३ | नियमित कारोबार |

| | | |
|---|---|---|
| नयाँबजार | | |
| बढ बचत तथा ऋण सहकारी संस्था लि. | सोह्रखुट्टे १६ | उत्कृष्ट कारोबार |
| स्थापित योजना बहुउद्देश्यीय सहकारी संस्था लि. | नयाँबजार १६ | नियमित कारोबार |
| पुतलीसडक | | |
| सिटि एक्सप्रेस बचत तथा ऋण सहकारी संस्था लि. | घण्टाघर काठमाडौं | उत्कृष्ट कारोबार |
| रंगमञ्च बहुउद्देश्यीय सहकारी संस्था लि. | महाबौद्ध काठमाडौं | नियमित कारोबार |
| कोटेश्वर | | |
| कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि. | तेजविनायक चोक | उत्कृष्ट कारोबार |
| हरहरमहादेव बचत तथा ऋण सहकारी संस्था लि. | हरहरमहादेव चोक | नियमित कारोबार |
| टाँडी | | |
| साना किसान कृषि सहकारी संस्था लि. विरेन्द्रनगर | राप्ती ८ | उत्कृष्ट कारोबार |
| अर्पण बचत तथा ऋण सहकारी संस्था लि. | रत्ननगर १ | नियमित कारोबार |
| भरतपुर | | |
| अथर्व बचत तथा ऋण सहकारी संस्था लि. | भरतपुर | उत्कृष्ट कारोबार |
| उज्यालो बचत तथा ऋण सहकारी संस्था लि. | भरतपुर | नियमित कारोबार |

## गण्डकी प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| दमौली | | |
| भिमकुल बचत तथा ऋण सहकारी संस्था लि. | गोरखा-७ | उत्कृष्ट कारोबार |
| सत्यवती बचत तथा ऋण सहकारी संस्था लि. | व्यास-३ | नियमित कारोबार |
| पोखरा | | |
| बुद्ध बचत तथा ऋण सहकारी संस्था लि. | पोखरा-४ | उत्कृष्ट कारोबार |
| शुभ सौगात बचत तथा ऋण सहकारी संस्था लि. | पोखरा-१४ | नियमित कारोबार |
| वालिङ | | |
| उपकार बचत तथा ऋण सहकारी संस्था लि. | वालिङ ८ | उत्कृष्ट कारोबार |
| श्री महालक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. | वालिङ ८ | नियमित कारोबार |
| बाग्लुङ | | |
| पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | मालिका ६ | उत्कृष्ट कारोबार |
| सहज बचत तथा ऋण सहकारी संस्था लि. | बागलुङ २ | नियमित कारोबार |
| पुतलीबजार | | |

| | | |
|---|---|---|
| सञ्जीवनी बहुउद्देश्यीय सहकारी संस्था लि. | आँधिखोला- ५ | उत्कृष्ट कारोबार |
| नवरत्न बचत तथा ऋण सहकारी संस्था लि. | पुतलीबजार-१ | नियमित कारोबार |
| तालचोक | | |
| वाटिका बचत तथा ऋण सहकारी संस्था लि. | पोखरा ३२ | उत्कृष्ट कारोबार |
| रुपाताल पुनर्स्थापना तथा मत्स्यपालन सहकारी संस्था लि. | रुपा ६ | नियमित कारोबार |
| कावासोती | | |
| गौरीशंकर बचत तथा ऋण सहकारी संस्था लि. | हुप्सेकोट ३ | उत्कृष्ट कारोबार |
| पौरखी बचत तथा ऋण सहकारी संस्था लि. | कावासोती ३ | नियमित कारोबार |

## लुम्बिनी प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| बुटवल | | |
| साथी बचत तथा ऋण सहकारी संस्था लि. | सन्धिखर्क २ | उत्कृष्ट कारोबार |
| नारी बहुउद्देश्यीय सहकारी संस्था लि. | बुटवल-६ | नियमित कारोबार |
| घोराही दाङ | | |
| तेजस्वी मातृभूमि बचत तथा ऋण सहकारी संस्था लि. | लमही ५ | उत्कृष्ट कारोबार |
| श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | घोराही १५ | नियमित कारोबार |
| कोहलपुर | | |
| संघर्षशील सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | राप्तीसोनारी ९ | उत्कृष्ट कारोबार |
| दिव्य बहुउद्देश्यीय सहकारी संस्था लि. | कोहलपुर ११ | नियमित कारोबार |
| तुल्सीपुर | | |
| साना किसान कृषि सहकारी संस्था लि. धनौरी | शान्तिनगर ७ | उत्कृष्ट कारोबार |
| सिद्धेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि. | तुल्सीपुर ११ | नियमित कारोबार |
| भैरहवा | | |
| गौरवान्दित बचत तथा ऋण सहकारी संस्था लि. | सिद्धार्थनगर ०८ | उत्कृष्ट कारोबार |
| अङ्कुर बचत तथा ऋण सहकारी संस्था लि. | सिद्धार्थनगर १२ | नियमित कारोबार |
| तिलोत्तमा | | |
| सबैको बचत तथा ऋण सहकारी संस्था लि. | तिलोत्तमा ५ | उत्कृष्ट कारोबार |
| साना किसान कृषि सहकारी संस्था लि. तिलोत्तमा | तिलोत्तमा १ | नियमित कारोबार |
| भुरीगाउँ | | |
| हाम्रो मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि. | ठाकुरबाबा २ | उत्कृष्ट कारोबार |
| किसान कमैया कल्याण बचत तथा ऋण सहकारी संस्था लि. | ठाकुरबाबा ५ | नियमित कारोबार |

| | | |
|---|---|---|
| शुभम् बचत तथा ऋण सहकारी संस्था लि. | नेपालगञ्ज | उत्कृष्ट कारोबार |
| पशुपती बहुउद्देश्यीय सहकारी संस्था लि. | नेपालगञ्ज १८ | नियमित कारोबार |
| बर्दघाट | | |
| लक्ष्मी नारायण बचत तथा ऋण सहकारी संस्था लि. | सरावल ०१, | उत्कृष्ट कारोबार |
| माकर सनराइज बचत तथा ऋण सहकारी संस्था लि. | बर्दघाट ४ | नियमित कारोबार |

## कर्णाली प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| सुर्खेत | | |
| त्रिपुरेश्वर बचत तथा ऋण सहकारी संस्था लि. | विरेन्द्रनगर १ | उत्कृष्ट कारोबार |
| राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लि. | विरेन्द्रनगर ६ | नियमित कारोबार |
| दैलेख | | |
| सहयोगी हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. | गुरास ३ | उत्कृष्ट कारोबार |
| कृतिदेवल बहुउद्देश्यीय कृषि सहकारी संस्था लि. | नारायण २ | नियमित कारोबार |

## सुदुरपश्चिम प्रदेश

| शाखा कार्यालय तथा संस्था | ठेगाना | विधा |
|---|---|---|
| महेन्द्रनगर | | |
| सृजनशील बचत तथा ऋण सहकारी संस्था लि. | शुक्लाफाँटा १० | उत्कृष्ट कारोबार |
| ईन्द्रेणी कृषि सहकारी संस्था लि. | बेदकोट ९ | नियमित कारोबार |
| धनगढी | | |
| सिद्धबाबा कृषि सहकारी संस्था लि. | गोदावरी २ | उत्कृष्ट कारोबार |
| संगम बहुउद्देश्यीय सहकारी संस्था लि. | गोदावरी १ | नियमित कारोबार |

# नाफाको दवावले सहकारीमा जोखिम बढ्यो: रजिष्ट्रार रिजाल




पोखरा। सहकारी रजिष्ट्रारको कार्यालय पोखराका रजिष्ट्रार भेषराज रिजालले जसरी पनि नाफा बाड्नु पर्छ भन्ने दवावका कारण पनि धेरै सहकारीहरुमा जोखिम बढेको बताउनु भएको छ। राष्ट्रिय सहकारी बैंक लिमिटेडको २२ औं स्थापना तथा कारोबार शुभारम्भ दिवसका अवसरमा श्रावण १९ गते पोखरामा आयोजित गण्डकी प्रदेश स्तरीय कार्यक्रममा बोल्दै रजिष्ट्रार रिजालले यस्तो बताउनु भएको हो।

सहकारीको रकम अपचलन गर्नेहरुका कारण पहिलो चरणमा सहकारीहरु समस्यामा परे, बझासी गर्नेहरुले वचत फिर्ता नगरेका कारण सहकारीप्रतिको विश्वास कम हुदै जादा धेरै सहकारीमा समस्या सिर्जना भएको छ, रजिष्ट्रार रिजालले भन्नुभयो।

बझासी गर्नेहरुको सहकारीमा समस्या आइसक्यो, अब जसरी पनि नाफा बाड्नु पर्छ भन्ने दवावमा काम गरेका सहकारीहरुमा समस्या आउन सक्ने भएकाले सचेत रहन उहाँले आव्हान गर्नं भयो। सहकारीमा जोखिम बढ्नुका धेरै कारण छन्, सञ्चालक कर्मचारीहरुले सहकारीको रकम अपचलन गर्ने, बदमासी गर्ने, निजी सम्पत्ती आर्जन गर्न सहकारीको रकम परिचालन गर्ने समस्या त आइनै सक्यो, अबका दिनमा नाफामा बढी केन्द्रीत भएका सहकारीमा जोखिम बढ्दै गएको भन्दै उहाँले नाफा भन्दा वचतको सुरक्षामा ध्यान दिन सुझाव दिनुभयो।

सहकारीहरुले सदस्यलाई जसरी पनि नाफा दिनु पर्छ भन्ने सोच राख्ने, सदस्यहरुले जसरी पनि नाफा बढी र ब्याज धेरै पाउनु पर्छ भन्ने सोच राखेका सहकारीहरुमा जोखिम बढ्दै गएकाले सञ्चालक र शेयर सदस्यहरुलाई सचेत भएर काम गर्न रजिष्ट्रार रिजालले आव्हान गर्नं भयो। प्रदेश अन्तरगतका सहकारीहरुको अनुगमनका क्रममा तानतुन गरेर नाफा बाडी हालौ भन्ने सञ्चालक, नाफा दिएपछि यो सहकारी राम्रो छ भन्ने शेयर सदस्य भएका संस्थाहरु पनि भेटिएका र त्यस्ता संस्थाको संस्थागत संरचना राम्रो नबन्ने, कोषहरु बलिया नहुने लगायतका जोखिम देखिएको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा सहकारी बैंकको अवस्था र समसामयिक विषयमा सहजीकरण गर्दै बैंकका लेखा सुपरीवेक्षण




समितिका सदस्य केशव प्रसाद सापकोटाले सहकारी क्षेत्रमा देखिएको वर्तमान समयको समस्या समाधानका लागि ठुलो शेयर, ठुलो वचत र ठुलो ऋण लगानीलाई नियन्त्रण गर्न सुझाव दिनु भएको छ ।

कार्यक्रममा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष अमर बहादुर कुँवर, राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु) लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नँ भएको थियो । कार्यक्रम बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीको अध्यक्षता, लेखा सुपरीवेक्षण समितिका सदस्य चन्द्रा कुमारी पराजुलीको स्वागत र प्रदेश शाखा प्रमुख नरेश पाण्डेको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा बैंकको गत मंसिर ३० गते सम्पन्न २० औं वार्षिक साधारणसभामा घोषणा भएका विभिन्न विधाका सम्मान तथा पुरस्कारहरु वितरण गरिएको थियो । बैंकले संस्थापक अध्यक्ष राजेशहरि जोशीको स्मृतिमा स्थापना गरेको स्व.राजेशहरी जोशी संस्थापक अध्यक्ष सम्मान बैंकको पोखरा शाखा समन्वय उपसमितिका पूर्व संयोजक तथा पोखरा रोयल सहकारी संस्थाका संस्थापक अध्यक्ष मेजर तुलसी प्रसाद गुरुङलाई मरणोपरान्त प्रदान गरिएको थियो ।

यस्तै गण्डकी प्रदेश स्तरीय पुरस्कार तर्फ वचत तथा ऋण विधामा विशाल वचत तथा ऋण सहकारी संस्था लिमिटेड कास्की र अन्य विधामा मोदीखोला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मोदी पर्वतलाई पुरस्कृत गरिएको थियो ।

प्रदेश स्तरमा उत्कृष्ट हुने बिशाल वचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत सुदिप पाठक र मोदीखोला बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष बेद प्रसाद तिमिल्सिनाले संस्थाको परिचय, योजना, कार्यक्रम र सदस्यसंगको सम्बन्ध लगायतका विषयमा प्रस्तुती गर्नँ भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको वार्षिक समीक्षा गोष्ठी सम्पन्नः सदस्यमैत्री सेवालाई थप प्रभावकारी र उत्कृष्ट बनाउने प्रतिबद्धता




काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडको वार्षिक समीक्षा तथा आगामी योजना सम्बन्धी समीक्षा गोष्ठी ३ भाद्र गते सम्पन्न भएको छ ।

(भाद्र १ देखी ३) तीनसम्म सञ्चालित वार्षिक समीक्षा गोष्ठीले गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा गर्नुका साथै चालु आर्थिक वर्षको योजना तथा कार्यक्रमलाई थप प्रभावकारी र उत्कृष्ट बनाउने प्रतिबद्धताका साथ गोष्ठी सम्पन्न भएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले बताउनु भयो ।

समीक्षा गोष्ठीबाट चालु आर्थिक वर्षको लक्ष्य पुरा गर्नको लागि शाखाहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्ने लगायतका विषयमा योजना निर्माण भएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनु भयो। बैंकको लक्ष्य प्राप्तिका लागि सदस्य संघ संस्थाहरुको आवश्यकताका आधारमा सेवा प्रवाह गर्ने सहकारी संघ संस्थाहरुको संस्थागत विकासका लागि वित्तीय तथा गैरवित्तीय सेवाहरूलाई थप प्रभावकारी बनाइने भएको छ । सहकारी अभियानलाई व्यवस्थित र प्रभावकारी रूपमा अगाडि बढाउनका लागि जिल्ला तथा प्रदेश स्तरीय संघहरुको संस्थागत विकासमा समन्वय गर्ने भएको छ । बैंकले प्रदान गरेको कर्जा सदुपयोगयता अनुगमन तथा निरीक्षणलाई व्यवस्थित गर्ने, व्यवसाय योजना तयार गरी परामर्श दिने लगायतका काम गर्ने योजना बैंकले बनाएको छ ।

समीक्षा कार्यक्रमको समापनका क्रममा बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक रामहरि बजगाईंले बैंकले दिने सेवा सुविधामा कमी आउन नदिन तथा थप प्रभावकारी बनाउनका लागि वित्तीय तथा अन्य सेवाका बारेमा सचेत रहन व्यवस्थापन, प्रदेश प्रमुख र शाखा प्रमुखहरूलाई आव्हान गर्नुभयो । बैंकको लक्ष्य प्राप्तिका लागि सदस्य संघ संस्थाहरुको आवश्यकताका आधार

मा सेवा प्रवाह गर्ने, सहकारी संघ संस्थाहरुको संस्थागत विकासका लागि वित्तीय लगायतका सेवाहरूलाई थप प्रभावकारी बनाउने उल्लेख गर्नु भयो ।

सहकारी बैंकका तर्फबाट सञ्चालित कार्यक्रमहरू सहकारी क्षेत्रको दिगोपनका लागि समेत प्रभावकारी रहेकाले उच्च मनोबलका साथ कार्यक्षेत्रमा लाग्न कर्मचारीहरूलाई आव्हान गर्नु भएको थियो ।

बैंकले लिएको लक्ष्य पुरा गर्नका लागि सञ्चालक समितिले नीतिगत निर्णय गर्ने, व्यवस्थापनले योजना निर्माण गर्ने र प्रदेश कार्यालय तथा शाखाहरूमार्फत कार्यान्वयन गरिने प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो ।

उहाँले सहकारी क्षेत्रमा बैंकले सञ्चालन गरेका प्रविधि, सहकारीलाई डिजिटाइजेसनमा लान बैंकले उपलब्ध गराएको सेवाहरूलाई सबै सहकारीहरूमा पुऱ्याउन सके मा सहकारी क्षेत्रका साख बढाउन सकिने बताउनुभयो । बैंकले सदस्य संस्थाहरुले बैंकमा गरेको लगानी सुर क्षित गर्न तथा दीर्घकालीन फाइदाका लागि विभिन्न यो जना बनाएकोले त्यसका बारेमा आम सहकारीकर्मीहरुलाई सचेत बनाउनु पर्नेमा उहाँको जोड थियो ।

कार्यक्रमको सञ्चालन बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्यले गर्नु भएको थियो । कार्यक्रममा प्रदेश प्रमुखहरूको तर्फबाट प्रदेशगत समीक्षा, आ.व. २०८०/०८१ को लक्ष्य, यथार्थ अवस्था, पूँजी पर्याप्तताको अनुपात, निक्षेपसँग सम्बन्धित लक्ष्य सहितको योजना, जो खिम व्यवस्थापन, कर्जा असुली, नयाँ कर्जाको प्रोडक्टक, डिजिटल प्रोडक्टक लगायत शाखाका तर्फबाट भएका गतिविधि, सहकारी क्षेत्रको सुधारका लागि गर्न सकिने कामहरू, आगामी योजनामा समेट्नु पर्ने विषयहरू लगायतका विषयमा प्रस्तुतीकरण तथा छलफल भएको थियो ।

सहकारी संघ संस्थाहरूसँग मात्र कारोबार गर्दै आइरहेको राष्ट्रिय सहकारी बैंकले ६८ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरूसँग कारोबार गर्दै आइरहेको छ । बैंकमा हाल १६ हजार ३२८ शेयर सदस्य, करिब ३ अर्ब शेयर रकम, ६१ अर्ब निक्षेप, २७ अर्ब कर्जा लगानी रहे को छ ।



# राष्ट्रिय सहकारी बैंकको आयोजनामा बुटवलमा सञ्चालित एनएफआरएस तालिम सम्पन्न



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको आयोजना तथा जिल्ला सहकारी संघ लिमिटेड रुपन्देहीको समन्वयमा सञ्चालित तीन दिवसीय नेपाल वित्तीय प्रतिवेदन मान एनएफआरएस (नेपाल फानान्सियल रिपोर्टिङ स्ट्याण्डर्ड) तथा एसएमआई तालिम भाद्र ७ गते सम्पन्न भएको छ ।

भाद्र ५ गते देखि सुरु भएको तालिमको भाद्र ७ गते बैंकको बुटवल शाखा समन्वय समितिका संयोजक भीम प्रसाद तुलाचनको अध्यक्षतामा समापन भएको थियो । सहकारी ऐन २०७४ मा तथा प्रचलित कानुन बमोजिमको मापदण्ड पालना गर्नपर्ने व्यवस्था अनुसार पचास करोड भन्दा बढी कारोबार गर्ने सहकारी संघ संस्थाहरुले अनिवार्य एनएफआरएस बमोजिमको ढाँचामा लेखापरिक्षण गराउनुपर्ने व्यवस्था अनुसार वित्तीय कारोबारलाई थप यथार्थपरक र स्पष्ट पार्न अन्तराष्ट्रियस्तरको प्रतिवेदन ढाँचा एनएफआरएस बमोजिम संस्थाको जोखिमलाई न्यूनीकरण गरी दिगो सहकारी संस्था विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिमको सिए महेश घिमिरे र छविलाल पोखरेलले एनएफआरएस ढाँचाको सहजिकरण गर्दै एनएफआरएसको ढाँचा विनाको लेखापरिक्षण प्रतिवेदन र एनएफआरएस अनुसारको लेखापरिक्षणमा हुने भिन्नता अन्तर्गत हुने स्थिर सम्पत्तिलाई पहिचान गर्ने विधि तथा ह्रास प्रक्रिया, लगानी सम्पत्ति, पट्टा तथा भाडा, सहुलियत दरमा प्रदान गरिएको कर्जा, कर्जा सम्बन्धी आम्दानी, कर्मचारी सुविधा, स्थगन लगायतको विषयमा प्रयोगात्मक प्रशिक्षण दिएका थिए । त्यसैगरी एनएफआरएस अनुसार तयार पार्नुपर्ने प्रतिवेदनको विषयमा सहजिकरण गर्नुभएको थियो ।

तालिम कार्यक्रममा बैंकको बुटवल शाखामा कारोबार गर्ने सदस्य संस्थाका व्यवस्थापक तथा लेखा अधिकृत गरी ३८ जनाको सहभागिता रहेको थियो । तालिममा एनएफआरएस कार्यान्वयनमा लैजाने सन्दर्भमा हाल प्रचलनमा रहेको सहकारी लेखामान र एनएफआरएसमा देखिएका फरकहरूको बारेमा सिकाई एवम् अभ्यास समेत भएको बैंकको बुटवल शाखाका प्रमुख एवम् लुम्बिनी प्रदेशका संयोजक नारायण बेल्बासेले जानकारी दिनुभयो ।

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम सम्पन्न




ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड कलंङ्की शाखाको आयोजनामा सहकारीमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी एक दिवसीय तालिम भाद्र १२ गते सम्पन्न भएको छ ।

सम्पत्ति शुद्धीकरण निवारणको विषयमा सहकारी संस्थाको भूमिका, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गतको 'सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४' ले दिएको अधिकार, सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०७३ मा भएका प्रावधानहरू, विद्यमान ऐन तथा कानुनी संरचना तथा शंकास्पद/सीमा कारोबार विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन शाखा प्रमुख कला थपलियाले जनकारी दिनु भयो ।

कार्यक्रमको समापन समारोहमा बोल्दै बैंकको सञ्चालक पार्वती थापा मगरले सहकारी सदस्य केन्द्रित व्यवसाय भएकाले आफ्ना सदस्यहरूको व्यवसाय प्रवर्द्धन र विकासका लागि बैंकले वित्तीय सेवासँगै तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेको उल्लेख गर्दै यस्ता तालिमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनु भयो ।

सहकारी बैंकले विगतदेखि नै सहकारी संस्थाहरुलाई सचेत गराउने उद्देश्यले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सञ्चालन गर्दै आएको बताउनुहुँदै सञ्चालक थापाले 'जसको उपलब्धि स्वरूप सदस्य सहकारी संघ/संस्थाहरुले कार्यान्वयन अधिकारी तोकेको, वित्तीय जानकारी इकाईमा विवरण पेस गर्न थालिएको, नीति तथा आन्तरिक कार्यविधि निर्माणको कार्य गर्न थालिएको छ'। त्यसैगरी तालिमका सहभागीलाई तालिमबाट सिकेका ज्ञान तथा सीप आफ्नो संस्थामा लागू गर्न आग्रह गर्नुभयो ' ।

कार्यक्रममा कलङ्की शाखा कार्यालय अन्तर्गतका विभिन्न सहकारी संघ संस्थाबाट २७ जनाको सहभागिता रहेको थियो । बैंकको कलङ्की शाखाका प्रमुख कला थपलियाको सञ्चालन तथा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालको सहजीकरणमा तालिम सम्पन्न भएको थियो ।

# ऋण जोखिम, धितो मूल्याङ्कन तथा कानुनी व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड इटहरी शाखाले सञ्चालन गरेको २ दिने ऋण जोखिम, धितो मूल्याङ्कन तथा कानुनी व्यवस्थापन सम्बन्धी तालिम भाद्र १६ गते सम्पन्न भएको छ ।

सहकारी संस्थाले सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरू, आवश्यक कागजातहरू, धितो मूल्याङ्कन, जमानत लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिममा ऋण लगानीका प्रक्रियाहरू, क्षमतामा आधारित ऋण लगानी, व्यवसाय विश्लेषण, ऋण अनुगमन र निरीक्षण, जोखिम पहिचान र व्यवस्थापन, सहकारीको ऋण असुली सम्बन्धी कानुनी व्यवस्थाहरू, ऋणको वर्गीकरण, ऋण असुलीका उपायहरू, भाखा नाघेको ऋण असुली गर्ने तरिका, धितो मूल्याङ्कन तथा कानुनी व्यवस्थापन लगायतका विषयमा सहजीकरण गरिएको थियो ।

बैंकका प्रमुख जोखिम अधिकृत प्रमोद कुमार घिमिरेले तालिममा सहजीकरण गर्दै ऋण लगानी गर्दा ध्यान दिन नसकेका कारण खराब ऋण बढेकोले पनि सहकारीमा कर्जा जोखिममा समस्या भएको बताउनु भयो । उहाँले वित्तीय कारोबार गर्ने सहकारीहरूले ऋण लगानी र असुलीका विधि प्रक्रिया र अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो । तालिममा सिकेका कुरा आ-आफ्नो संस्थामा लगेर कार्यान्वयन गर्न सकेमा ऋणको जोखिम न्यूनीकरण गर्न सकिने उल्लेख गर्नु भयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक एवम् बैंकको इटहरी शाखा समन्वय उपसमितिका सदस्य योगमाया सुवेदीले सहकारीको ऋण भनेको संस्थाको मेरुदण्ड भएकाले ऋण लगानी पूर्व धेरै कर्जा लगानी जोखिम विश्लेषण गरेर मात्र लगानी गर्नपर्ने र संस्थालाई दिगो रूपमा अगाडी बढाउन यस्ता तालिमले सहयोग गर्ने बताउनु भयो ।

जिल्ला सहकारी संघ सुनसरीका वर्तमान अध्यक्ष गंगा प्रसाद दाहालले सहकारीले सदस्यहरूलाई विधिसम्मत ऋण लगानीका लागि कर्मचारीको भूमिका प्रभावकारी हुनु पर्नेमा जोड दिनु भयो ।

तालिम समापन कार्यक्रममा सहभागीहरूले तालिमले ऋण व्यवस्थापनका विधि र प्रक्रिया, कानुनी पक्ष लगायत जोखिम न्यूनीकरणका विषयमा सहजता ल्याउन सहयोग पुग्ने धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक लिमिटेड इटहरी शाखाका प्रमुख सबिना श्रेष्ठले गर्नुभएको थियो ।



# सुर्खेतका सहकारीकर्मीलाई सदस्य सम्बन्ध विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाको आयोजनामा सञ्चालन भएको एक दिवसीय 'सदस्य सम्बन्ध विकास तालिम' भाद्र १७ गते सम्पन्न भएको छ ।

आइतबार वीरेन्द्रनगर-६, सुर्खेत स्थित एक होटेलमा सञ्चालित तालिममा त्यस क्षेत्रको विभिन्न सहकारी संस्थाहरूबाट ३४ जनाको सहभागिता रहेको थियो । सहकारीमा सदस्यहरूसँगको सम्बन्ध सुमधुर र बलियो बनाउने गरी सहकारी संस्थामा कार्यरत कर्मचारीहरुको दक्षता विकास गर्ने उद्देश्यका साथ तालिम प्रदान गरेको बैंकले जनाएको छ । तालिम समापन कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघका सञ्चालक एवम् बैंकका पूर्व सञ्चालक हरिहरनाथ योगी रहनुभएको थियो । कार्यक्रम समापनमा बोल्दै प्रमुख अतिथि योगीले सहकारी संघ संस्थाका कर्मचारीहरू र संस्थाका सदस्यहरू बीच सुमधुर सम्बन्ध कायम राख्न तालिमले महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । उहाँले सहकारी सदस्य केन्द्रित व्यवसाय भएकोले सदस्य सम्बन्ध व्यवस्थापन र सदस्य हेरचाहमा कर्मचारीहरूले विशेष ध्यान दिनुपर्नेमा जोड दिनु भयो ।

बैंकको कर्णाली प्रदेशका प्रमुख हिरालाल सुनारले अहिले को परिस्थितिमा आफ्ना सदस्यहरूमा सुमधुर सम्बन्ध विकास गरि संस्था प्रति विश्वास कायम राख्नु सम्पूर्ण कर्मचारीहरूको दायित्व रहेकाले सबैले आफ्नो तर्फबाट एक भएर लाग्नुपर्ने बताउनु भयो ।

कार्यक्रमका सहभागीहरूले आफु कार्यरत संस्था र सदस्य बिचको सम्बन्ध थप बलियो बनाउन तालिम सहयोगी बन्ने बताएका छन् । बैंकको कर्णाली प्रदेशका प्रमुख हिरालाल सुनारको अध्यक्षतामा भएको तालिम कार्यक्रमको सञ्चालन बैंकको सुर्खेत शाखाका प्रमुख सागर नाथ योगीले गर्नुभएको थियो ।



# सुर्खेतमा धितो मूल्यांकन तथा असुली प्रक्रिया तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाले सञ्चालन गरेको एक दिवसीय धितो मूल्याङ्कन तथा असुली प्रक्रिया सम्बन्धी तालिम भाद्र १७ गते सम्पन्न गरेको छ ।

वीरेन्द्रनगर-६, सुर्खेत स्थित एक होटेलमा सञ्चालित तालिममा त्यस क्षेत्रको विभिन्न सहकारी संस्थाहरूबाट ३७ जनाको सहभागिता रहेको थियो । तालिम समापन कार्यक्रम केन्द्रीय बहुउद्देश्यीय सहकारी संघका सञ्चालक चन्द्र थानीको प्रमुख आतिथ्यता तथा बैंकको कर्णाली प्रदेशका प्रमुख हिरालाल सुनारको अध्यक्षतामा भएको थियो । तालिमलाई बैंकको लुम्बिनी प्रदेशका प्रमुख नारायण बेल्वासेले सहजीकरण गर्नुभएको थियो ।

तालिममा सहकारी संस्थाले सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरू, आवश्यक कागजातहरू, धितो मूल्याङ्कन, धितो जग्गाको अवस्था र नक्सामा कसरी जग्गाको क्षेत्रफल हेर्ने र जग्गाधनी पुर्जामा भएको क्षेत्रफलसँग भिडान गर्ने र सुरक्षित धितो, जमानत लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

सहभागीहरूले तालिमको प्रभावकारीताका विषयमा सकारात्मक सुझाव दिएका थिए । आगामी दिनमा पुनः यस प्रकारको तालिम सञ्चालन गर्ने शाखा प्रमुख सागर नाथ योगीले जानकारी दिनु भयो ।

# राष्ट्रिय सहकारी बैंक न्यूरोड शाखाको
## आयोजनामा सञ्चालित एनएफआरएस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड न्यूरोड शाखाको आयोजनामा सञ्चालित दुई दिवसीय नेपाल वित्तीय प्रतिवेदन मान एनएफआरएस (नेपाल फानान्सियल रिपोर्टिङ स्ट्याण्डर्ड) तालिम भाद्र २६ गते सम्पन्न भएको छ ।

बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक र मिहरि बजगाईले उद्घाटन गर्नुभएको तालिमको सञ्चालक केदार मानन्धरले समापन गर्नुभयो । सहकारी ऐन २०७४ मा तथा प्रचलित कानुन बमोजिमको मापदण्ड पालना गर्नु पर्ने व्यवस्था अनुसार पचास करोड भन्दा बढी कारोबार गर्ने सहकारी संघ संस्थाहरुले अनिवार्य एन एफ आर एस बमोजिमको ढाँचामा लेखापरिक्षण गराउनुपर्ने व्यवस्था अनुसार वित्तीय कारोबारलाई थप यथार्थपरक र स्पष्ट पार्न अन्तराष्ट्रियस्तरको प्रतिवेदन ढाँचा एनएफआरएस बमोजिम संस्थाको जोखिमलाई न्यूनीकरण गरि दिगो सहकारी संस्था विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले तालिम



सञ्चालन गरिएको शाखा प्रमुख रमा घिमिरेले जानकारी दिनुभयो । तालिमलाई चार्टड एकाउन्टेन्टस् (सिए) विदुर लुइँटेलले एनएफआरएस ढाँचाको सहजिकरण गर्दै एन एफ आर एसको ढाँचा विनाको लेखापरिक्षण प्रतिवेदन र एनएफआरएस अनुसारको लेखापरिक्षणमा हुने भिन्नता अन्तर्गत हुने स्थिर सम्पत्तिलाई पहिचान गर्ने विधि तथा ह्रास प्रक्रिया, लगानी सम्पत्ति, पट्टा तथा भाडा, सहुलियत दरमा प्रदान गरिएको कर्जा, कर्जा सम्बन्धी आम्दानी, कर्मचारी सुविधा, स्थगन लगायतको विषयमा प्रयोगात्मक प्रशिक्षण दिएका थिए । त्यसैगरी एनएफआरएस अनुसार तयार पार्नुपर्ने प्रतिवेदनको विषयमा सहजिकरण गर्नुभएको थियो । तालिम कार्यक्रममा बैंकको न्यूरोड शाखामा कारोबार गर्ने सदस्य संस्थाका व्यवस्थापक तथा लेखा अधिकृत गरी ४० जनाको सहभागिता रहेको थियो । तालिममा एनएफआरएस कार्यान्वयनमा लैजाने सन्दर्भमा हाल प्रचलनमा रहेको सहकारी लेखामान र एनएफआरएसमा देखिएका फरकहरूको बारेमा सिकाई एवम् अभ्यास समेत भएको शाखा प्रमुख रमा घिमिरेले बताउनु भयो । तालिममा सहभागीहरुले तालिमबाट एन एफ आर एस ढाँचामा वित्तीय प्रतिवेदनलाई परिवर्तन गर्ने बारे प्रयोगात्मक सिकाइ हासिल भएकोमा खुसी व्यक्त गरेका छन् ।

# जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम सञ्चालन




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड जोरपाटी शाखाको आयोजनामा सञ्चालन भएको एक दिवसीय जाली नोट पहिचान तथा हस्ताक्षर जाँच विषयक तालिम भाद्र २८ गते सम्पन्न भएको छ ।

बैंकको जोरपाटी शाखा कार्यक्षेत्रका सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगदसँग सम्बन्धित कारोबार गर्ने कर्मचारीहरूलाई जाली नोट पहिचान र हस्ताक्षर चेकजाँच गर्न सहयोग पुऱ्याउनुको साथै वित्तीय कारोबारलाई थप चुस्त दुरुस्त बनाउने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ । तालिमको समापन बैंकका सञ्चालक एवम् बागमती प्रदेशका संयोजक रामहरि बजगाईले गर्नुभएको थियो । कार्यक्रम समापन सत्रमा मन्तव्य राख्नु हुँदै कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका उहाँले पछिल्लो समय बजारमा नक्कली नोटको बिग-बिगी बढेकोले त्यसबाट सचेत रहन र आफ्नो संस्थालाई सुरक्षित र जोखिम रहित बनाउन पनि तालिमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

तालिममालाई नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालले जाली नोट पहिचान तथा हस्ताक्षर जाँचको विषयमा सहजीकरण गर्दै समय-समयमा बजारमा नक्कली

नोट आउने गरेकाले कारोबार गर्दा सचेत रहन आग्रह गर्नँभयो । चाडबाडको समयमा किनमेल बढी हुँदा यो समय नोटको कारोबार पनि बढ्ने हुनाले नक्कली नोट कारोबार बढ्ने गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “त्यसका लागि नोट चिन्ने विभिन्न तरिका छ, थोरै मात्र ख्याल गरे नक्कली नोटबाट बच्न सकिन्छ ।” कुनै पनि कारोबार गर्दा सतर्कता अपनाउनुपर्ने उहाँको सुझाव छ । सर्वसाधारणलाई झुकाएर नक्कली नोट भिडाउनेको कमी बजारमा नरहेकाले, बजारबाट संस्थामा आउने भएकोले कारोबार गर्दा सतर्क हुन उहाँले आग्रह गर्नुभयो ।

तालिम कार्यक्रममा बैंकको जोरपाटी शाखामा कारोबार गर्ने ४५ वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगदसँग सम्बन्धित कारोबार गर्ने कर्मचारीको सहभागिता रहेको बैंकका कर्मचारी किशोर श्रेष्ठले जानकारी दिनुभयो ।

# सहकारीका लागि आधारभूत शिक्षा तथा एनएफआरएस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड धनकुटा शाखाको आयोजनामा सञ्चालन भएको दुई दिवसीय “सहकारीका लागि आधारभूत शिक्षा तथा एनएफआरएस तालिम” भाद्र २९ गते सम्पन्न भएको छ ।

भाद्र २७ र २८ गते सञ्चालित तालिममा धनकुटा र भोजपुर जिल्लाका विभिन्न प्रकृतिका २६ सहकारी संस्थाका २७ जना प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । कार्यक्रमको अध्यक्षता धनकुटा शाखा समन्वय उपसमितिका संयोजक खगेन्द्र प्रसाद सुवेदीको रहेको थियो । सहकारीका आधारभूत ज्ञान, सहकारी संस्थाले प्रदान गर्ने सेवा अन्तर्गतका बचत सेवा र ऋण सेवासँगै सहकारी ऐन तथा सहकारी नियमावली, सहकारी नीति, नियम तथा नेपाल वित्तीय प्रतिवेदन मान एनएफआरएसको (नेपाल फानान्सियल रिपोर्टिङ स्ट्याण्डर्ड) बारे सदस्यहरूलाई जानकारी दिन सो कार्यक्रम गरिएको बैंकको धनकुटा शाखाका प्रमुख सुमन कुमार श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यक्रमको पहिलो दिन सहकारी ऐन नियमावली सम्बन्धी जानकारी, सहकारी संस्थामा सुशासन, सहकारी सदस्य केन्द्रित व्यवसायको विषयमा गोकुल लुइँटेल र दोस्रो दिन आधारभूत वित्तीय साक्षरता सम्बन्धी ज्ञान, एनएफआरएस सम्बन्धी जानकारी तथा लेखापरिक्षण गर्न संस्थामा तयारी गर्ने कागजातका विषयमा मनोज पौडेलले सहजिकरण गर्नुभएको थियो ।



# राष्ट्रिय सहकारी बैंकका प्रोटेक्ट सहजकर्ता विकास कार्यशाला सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंकको आयोजनामा निरन्तर कर्मचारी दक्षता अभिवृद्धि कार्यक्रम अन्तर्गत सञ्चालन भएको "प्रोटेक्ट सहजकर्ता विकास कार्यशाला" सम्पन्न भएको छ ।

भाद्र २४ गते देखि सञ्चालित उक्त कार्यक्रममा बैंकको अधिकृत स्तरका २३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । बैंकका सदस्य संस्थाहरुको स्तर मापन गरी स्तर उन्नति कार्यमा प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत प्रोटेक्ट सहजकर्ता विकास कार्यशाला सञ्चालन गरिएको बैंकले जनाएको छ ।

सदस्य सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाई, स्तर पहिचान, स्तर मापन एवम् स्तरोन्नतिका लागि बैंकले सहकारी स्तरिकण कार्यक्रम अन्तर्गत विभिन्न तहका सञ्चालनमा ल्याएको छ । ५ दिन सम्म सञ्चालित कार्यक्रम समापनको प्रमुख अतिथि एवम् बैंकका सञ्चालक ध्रुवराज विष्ट रहनु भएको थियो । समापन कार्यक्रममा मन्तव्य राख्दै उहाँले बैंकको सदस्य सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारी संस्थाको अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम अन्तर्गतको प्रोटेक्ट कार्यक्रम प्रभावकारी हुने बताउनु भयो । प्रोटेक्ट कार्यक्रमको लागि बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाका लागि छुट्टा-छुट्टै सूचकाङ्कको आधारमा प्राविधिक सेवा सञ्चालन गर्ने बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्यले बताउनु भयो ।

कार्यक्रममा सहकारीको परिचय, संरचना र सञ्चालन प्रक्रिया, सहकारी स्तरीकरण कार्यक्रमको परिचय, महत्व तथा बैंकको व्यवसायसँगको अन्तरसम्बन्ध, प्रोटेक्ट कार्यक्रमबारे सैद्धान्तिक (सूचकाङ्क, निरीक्षण, समीक्षा) छलफल, प्रोटेक्टको वित्तीय सूचकाङ्क अन्तर्गत प्रभावकारी वित्तीय संरचनाका विषयमा प्रस्तुतीकरण तथा छलफल भएको थियो ।

त्यसैगरी सदस्य सहकारी संस्थाको संस्थाको विनियम, आन्तरिक कार्यबिधि, साधारण सभा, लेखापरिक्षण, वार्षिक योजना तथा बजेट, लाभांश तथा संरक्षित पुजिँ फिर्ता कोष वितरणको अवस्था पहिचान एवं विश्लेषण, नेतृत्व संरचना, आर्थिक अनुशासन, तालिम, स्व मूल्याङ्कन तथा बैठकको

अवस्था पहिचान एवं विश्लेषणको विषयमा प्रस्तुतीकरण भएको थियो । प्रोटेक्ट कार्यक्रममा आबद्ध हुने सहकारी संस्थाको बचत, शेयर, कर्मचारी व्यवस्थापन, कर्मचारीको कार्यबिबरण तथा कार्यसम्पादन मूल्याङ्कनको अवस्था पहिचान एवम् विश्लेषणका आधारमा स्तर उन्नतिका लागी निरीक्षकले दिने सुझाव तयार एवम् प्रस्तुतीकरण, कार्यालय व्यवस्थापन, फाइल व्यवस्थापन, सदस्य सूचना प्रवाह, सहकारी शिक्षा तथा तालिम, कोपोमिस लगायत नियामकिय व्यवस्थाको परिपालना, लेखा तथा नगद व्यवस्थापनको विश्लेषणका आधारमा स्तरोन्नतिका लागी निरीक्षकले दिने सुझाव तयार एवम् प्रस्तुतीकरणका आधारमा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य, स्तरीकरण विभागका अधिकृतहरू नव कुमार अधिकारी, सूर्य प्रसाद रिमाल र तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

सहकारी विभागको मिति २०७९/०४/३१ गतेको निर्देशन बमोजिम प्रकाशित

**२०८१ भाद्र मसान्त को वित्तीय विवरण (अपरिष्कृत)**

| क्र.स. | विवरण | रकम (रु हजारमा) |
|---|---|---|
| १ | शेयर पूँजी | २,७८९,३८१.४० |
| २ | जगेडा कोष | १,४७३,१४२.०७ |
| ३ | कुल बचत | ५७,७९९,९७५.२३ |
| ४ | ऋण लगानी | २४,२५५,१८५.३४ |
| ५ | तरलता रकम | ३१,२७२,५०५.१२ |
| ६ | कुल संस्थागत पूँजी | १,४७३,१४२.०७ |
| ७ | विभिन्न कोषहरुको जम्मा रकम | १३१,२९१.४९ |
| ८ | कुल सम्पत्ति | ६६,३७२,३६९.२४ |
| | | |
| १ | तरलता प्रतिशत (नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेखित तरलता गणना विधि अनुसार) | ५४.१०% |
| २ | कुल शेयर सदस्य संख्या | १६,३२८ |
| ३ | कुल ऋणी सहकारी सदस्य संख्या | १,४६६ |

**नोट :** यदि नियामक निकाय र लेखापरिक्षकले कारण सहित विवरण परिवर्तन गरेको खण्डमा विवरणहरु परिवर्तन हुन सक्नेछन् ।

मिति: २०८१/०६/०७

आधिकारिक दस्तखत
लेखा विभाग

आधिकारिक दस्तखत
नायब महाप्रबन्धक

'हाम्रो लक्ष्यः सम्पूर्ण सहकारीको दिगो भविष्य'

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर ०१-५९८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop

scan me


हार्दिक बधाई तथा शुभकामना
यस बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य श्री केशवप्रसाद सापकोटा ज्यूले कृषि तथा वन विश्वविद्यालय, चितवनबाट "Service Quality and Member Satisfaction of SACCOS in Nepal" विषयमा विद्यावारिधि गर्नु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)


बैंकका सेवाहरु
ATM Service
निक्षेप खाता
Remittance Service
Training Program
Digital Banking
सहकारी स्तरीकरण कार्यक्रम
कर्जा सेवा
रु १५०० मा बैंकको सदस्यता
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
www.ncbl.coop

अब NATIONAL COOPERATIVE BANK LIMITED (NCBL)
मा आबद्ध सहकारी संस्थाहरुले CORPORATEPAY मार्फत
सजिलै अनलाइन fund transfer गर्न सक्नुहुन्छ ।

Service payments > Financial Institution > National Co-operative Bank Limited




## सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने सम्बन्धमा

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७४ को तेस्रो संशोधन, २०७९ तथा सहकारी विभागको मिति २०८०/१०/०९ को सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने निर्देशन बमोजिम यस बैंकको सदस्य पहिचान विवरण (KYM) को साविकको ढाँचा अद्यावधिक गरिएकोले आफूले कारोबार गर्ने शाखामा गई अद्यावधिक गर्नुहुन अनुरोध छ । उपरोक्त विवरण अद्यावधिक नगरेका सदस्य संस्थाको खाता निष्क्रिय गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । साथै विभागको निर्देशन बमोजिम आफ्ना सम्पूर्ण सदस्यको समेत सदस्य पहिचान विवरण अद्यावधिक गर्ने तथा जोखिम मूल्याङ्कनको वार्षिक प्रतिवेदन तयार गरी नियामकीय निकायमा पेश गर्ने र आफ्नो कारोवार रहेको यस बैंकको शाखा कार्यालयमा समेत प्रतिलिपि पेश गर्नुहुन सुसूचित गरिन्छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रिय कार्यालय, पुल्चोक, ललितपुर